# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**(भौतिकपूर्वाधार तथायातायातव्यबस्था, शान्ति र सञ्चार महानिर्देशनालय)**

पत्र संख्याः

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
मायादेवीगाउंपालिका,
रुपन्देही ।

विषयः**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट मायादेवी गाउंपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीयविवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्नगरिएको छ ।

**वित्तीयविवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनपक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउनपर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।
**कैफियत सहितको लेखापरीक्षण रायव्यक्तगर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चितकोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ४८ हजार बेरुजू देखिएको छ। सोमध्ये असुलगर्नुपर्ने रु.११ लाख ५५ हजार, नियमित गर्नुपर्ने रु.३६ लाख ५७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७ लाख ३८ हजार र पेश्की रु.४४ लाख ९८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएको व्यहोराहरुको सम्बन्धमा मिति २०७५।९।२२ माजारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातको आधारमा बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदनपाना २५(पच्चिस) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चितकोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायवमहालेखापरीक्षक

# मायादेवीगाँउपालिका, रुपन्देही
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । कुल ७२.४४वर्ग किलोमिटर क्षेत्रफलमा ८ वडा विभाजन गरिएको यस गाँउपलिकामा ४४ सभा सदस्य रहेका छन् । प्रदेश नं.५ मा अवस्थित यस गाँउपालिकामा २०६८ को जन गणना अनुसार ४७,१९६ जनसंख्या रहेको छ ।

गाँउपालिकाबाट प्रस्तुत आर्थिक विवरणहरुको लेखापरीक्षण ऐन, २०७५ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा जोखिममा आधारित योजना अनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणबाट देखिएको व्यहोराउपर मिति २०७५/०९/१९ मा व्यवस्थापनसंग छलफल गरी कायम भएका व्यहोराहरु निम्नानुसार छन :

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम मायादेवी गाउंपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचितकोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ (रु.हजारमा) | | सि.नं. | व्ययतर्फ (रु.हजारमा) | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| **१** | **गत वर्षको जिम्मेवारी** | **२९७२७१४८.२५** | **१** | **चालु खर्च** | **१७१३२८९४९** |
| | क) नगद | ३७२३६७ | **२** | **पूँजीगत खर्च** | **१७८१२१८०५.३५** |
| | ख) बैंक | २९३५४७८१.२५ | **३** | **धरौटी फिर्ता** | **२७६५७३२.७५** |
| **२** | **राजस्व (आन्तरिक आय)** | **१८११६७२०.५३** | **४** | **कोष खर्च** | ० |
| | क) आन्तरिक राजस्व | १६१०८६९७.५३ | **५** | **मौज्दात** | **७५९१७३१०.४३** |
| | ख) राजस्व बाँडफाँड | ० | | क) नगद मौज्दात | ११७४४८ |
| | ग) अन्य आय | २००८०२३ | | ख) बैंक मौज्दात | ७५८०२८६२.४३ |
| **३** | **वित्तीय हस्तान्तरण** | **३१९३०९०००** | | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | २३२४७३००० | | | ० |
| | ख) सशर्त अनुदान | ८६८३६००० | | | ० |
| **४** | **अन्तर स्थानीय तहबाट प्राप्त** | **५५५४९०** | | | **०** |
| **५** | **विषयगत निकायबाट प्राप्त रकम** | **५३५३२०००** | | | **०** |
| **६** | **धरौटी आय** | **६८९६४३८.७५** | | | **०** |
| | **जम्मा:** | ४२८१३६७९७.५३ | | **जम्मा:** | ४२८१३६७९७.५३ |

**राजस्वतर्फ :**

| शीर्षक नं. | लगत हसवली समेत | असुली | दाखिला | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | नगद | लगत | |
| - | - | - | - | - | - | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **विद्युतीय लेखा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्करुपमा उपलब्ध गराई सबै गाँउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उक्त सपफ्टवेयरको प्रयोग गरेको देखिएन । सपफ्टवेयर प्रयोग गरी बिद्युतीय लेखा प्रणाली अपनाउनु पर्दछ । | |
| २. | **लक्ष्य/प्रगति स्थिति**: आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनुपर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तीय प्रगतिको समीक्षा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तीय प्रगति तयार गरेको छैन । जसबाट तोकिएको लक्ष्य अनुरुप प्रगति भए नभएको बिश्लेषणगर्न सकिएन लक्ष्य प्रगति तयार एवं बिश्लेषण गर्नेतर्फ कार्यालयले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। | |
| २.१. | **कर्मचारी कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।गाँउपालिकाले यस वर्ष कर्मचारी कल्याण कोषको लागि रु.६ लाख विनियोजन गरेकोमा कोषमा जम्मा गरेको छ । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ । साबिकको ४ गाबिसमा के कति रकम कोषमा रहेको छ यकिन गरी उक्त कोषमा जम्मा गर्नुपर्दछ । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ । | |
| २.२. | **भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास गराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाँउपालिकाको आर्थिक ऐन, २०७५ को दफा ७ मा नक्सा पास शुल्क समेत निर्धारण गरी अनुसूची-१० मा दर तोकिएकोमा नक्सापासका लागि कुनै निवेदन पेश भएको देखिएन । गाँउपालिकाले गाँउक्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| २.३. | **स्थानीय तथ्याङ्क र अभिलेख**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्याङ्क संकलनका लागि गतवर्ष रु.९ लाख खर्च गरेकोमा यस वर्ष भिलेज प्रोफाइल तयारी र गुरुयोजना निर्माणका लागि रु.१९ लाख ७८ हजार खर्च गरेको पाइयो । गाँउपालिकाको आर्थिक वर्ष ०७४/७५ को नीति तथा कार्यक्रममा समेत गुरुयोजना तर्जुमा गरी सो अनुसार आयोजनाहरु संचालन गरी दिगो, प्रभावकारी, मितव्ययी र कार्यकुशलता सहितको सहभागितमूलक योजना छनौट तथा कार्यान्वयन प्रणली अबलमवन गर्ने नीति रहेको देखिन्छ । गुरुयोजना निर्माणको खर्च प्रभावकारिता लागि सो योजना कार्यान्वयन सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा गुरुयोजनाले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको इमान्दारीपूर्वक कार्यान्वयन गर्न आवश्यक छ । गाँउपालीकाले गुरुयोजना अनुसार प्राथमिकतामा राखिएका योजना, कार्यक्रम, पद्धतिको कार्यावन्यनले उचित सार्थकता पाउने गरी गुरुयोजना कार्यान्वयन गर्न जरुरी छ । | |
| २.४. | **आन्तरिक नियन्त्रण -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्यांकन गर्दा खरिद योजना तयार नगरेको, आर्थिक बर्षको अन्तमा बढी खर्च गरेको, बिल भर्पाईमा भुक्तानी भएको छाप नलगाएको, सबै बिल भर्पाईहरु प्रमाणित नगरेको, बोलपत्र छल्ने गरी पटक पटक सोझै खरिद गरेको, सोझै आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेमा पेश्कीबाट खर्च लेखेको, कानून निर्माण नगरी पटक पटकको निर्णयले थप सुविधा भुक्तानी गरेको, समयमै पेश्की फछ्र्यौट नगरेको, दैनिक तथा भ्रमण भत्ता खर्च लेख्दा भ्रमण अभिलेख नराखेको र भ्रमण प्रतिवेदन नलिएको, स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका पुराना सामानको समयमै मर्मत सम्भार र लिलाम बिक्री नगरेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>नराखेको, मूल्य अभिबृद्धि कर लाग्ने सामान खरिद गरेकोमा सोको जानकारी आन्तरिक राजस्व कार्यालयलाई नदिएको, निर्माण सम्बन्धी कार्य सम्पन्न गरिसकेपछि उक्त कार्यको लागि प्राप्त श्रम, नगद वा जिन्सी समेतको कुल खर्च बिवरण सार्वजनिक परीक्षण सहित अभिलेख व्यवस्थित गरी राखेको नपाइएको, जनश्रमदान नजुटाएको, सञ्चालित कार्यक्रमहरुको सुपरीवेक्षण र अनुगमन कार्ययोजना तालिका बनाई नियमित रुपमा सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन नगरेको, मेशिन प्रयोग गरी निर्माण गरिने कार्य उपभोक्ता समितिबाट गराएको, आन्तरिक श्रोतबाट प्राप्त आम्दानी समयमा दाखिला नगरेको, मू.अ.कर दर्तावालासंग खरिद नगरेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.५.</td><td>न्याय सम्पादन : संविधानको धारा २१७ अनुसार स्थापित न्यायिक समितिमा यसवर्ष १९ उजुरी परेकोमा ५ मिलापत्र भई १ अदालत पठाइएको छ भने १३ उजुरी तामेलीमा राखेको पाइएकोले प्राप्त उजुरीहरुलाई तदारुकता देखाई प्रभावकारी न्याय सम्पादनमा जोड दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.६.</td><td>कार्य विभाजन तथा सम्पादन : स्थानीय तह संचालन ऐन, २०७४ को दफा १६(१) मा स्थानीय तहको कार्य बिभाजन र कार्य सम्पादन सम्बनधी व्यवस्था कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुने उल्लेख छ । सोही ऐनको उपदफा ४(क) देखि (घ) सम्म अध्यक्ष, वडा अध्यक्ष, सदस्य लगायतको काम कर्तव्य र अधिकार तोकिएको छ । गाँउपालिकाका वडाहरुमा भएको  खर्च प्रमाणित गर्ने, निर्माण भएका योजनाहरु प्राविधिक नाँपजाच बेगर तोकिए बमोजिम निर्माण सम्पन्न भएको प्रमाणित गर्ने, वडाबाट संकलन भएको राजस्व खाता प्रमाणित गर्ने, वडाका कर्मचारीहरुको पारिबारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख(१८९ फारम) प्रमाणित गर्ने जस्ता कार्यहरु समेत गरेको देखिएकोले कार्य बिभाजन तथा कार्य सम्पादनमा स्पष्टता रही कार्य सम्पादन भएको छ भन्न सकिने अवस्था देखिएन । ऐनले तोकेको काम कर्तव्य र अधिकार प्रति जिम्मेवार भई व्यवस्थित र प्रभावकारी ढंगबाट कार्यसम्पादन गर्ने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>चौमासिक खर्चसन्तुलन :स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार तोकिएबमोजिम चौमासिक रुपमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यालयले सबै पूँजिगत खर्चको चौमासिक बिवरण पेश नगरेको र पेश भएको दुई पूँजिगत शिर्षकमा रु.३३ लाख ४ हजार खर्च गरेकोमा दोश्रो चौमासिकमा ६ लाख र तेस्रो चौमासिकमा २७ लाख ४ हजार खर्च गरेको पाइयो । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमाा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सँचालन गरी खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>जनशक्ति व्यबस्थापन : स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । नगरपालिकाको लागि ३१ दरबन्दी स्वीकृत भएकोमा निम्न पदमा १० दरबन्दी पूर्ति भई २१ रिक्त रहेको देखियो ।
<table>
<tr><th>पद</th><th>दरबन्दी</th><th>पदपूर्ति</th><th>रिक्त</th><th>कैफियत</th></tr>
<tr><td>ईन्जिनियर</td><td>१</td><td>१</td><td>१</td><td>दैनिक ज्यालादारीमा राखेको-१</td></tr>
<tr><td>सुचना प्रबिधि अधिकृत</td><td>१</td><td>०</td><td>१</td><td>अस्थायी दरवन्दी करारमा-१</td></tr>
<tr><td>बिद्यालय निरीक्षक</td><td>१</td><td>१</td><td>०</td><td></td></tr>
<tr><td>म.बि.नि.</td><td>१</td><td>१</td><td>०</td><td></td></tr>
<tr><td>ओभरसियर</td><td>२</td><td>१</td><td>१</td><td>करारमा नियुक्त-१</td></tr>
<tr><td>कम्प्युटर अपरेटर</td><td>१</td><td>०</td><td>१</td><td>करारमा नियुक्त-१</td></tr>
<tr><td>नायब सुब्बा प्रशासन</td><td>६</td><td>२</td><td>४</td><td></td></tr>
<tr><td>नायब सुब्बा न्याय</td><td>१</td><td>०</td><td>१</td><td></td></tr>
<tr><td>आ.ले.प शाखा लेखापाल</td><td>१</td><td>०</td><td>१</td><td></td></tr>
<tr><td>ना.सु खरिदार</td><td>८</td><td>२</td><td>६</td><td></td></tr>
<tr><td>ओभरसियर</td><td>८</td><td>२</td><td>८</td><td></td></tr>
<tr><td></td><td>३१</td><td>१०</td><td>२१</td><td></td></tr>
</table>
कार्यालयमा कायम दरबन्दीमध्ये २१ कर्मचारीहरुको पद रिक्त रहेकोले, कार्यचाप, ढिलासुस्ति तथा कार्यमा गुणस्तरीयता हुन नसक्ने र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपूर्ति गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान  जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५. | **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा कार्यक्रम सूचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्यसम्पन्न गर्न लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरी सक्नुपर्ने व्यवस्था भएकोमो उल्लेखित अवधिभित्र ठेक्कापट्टाको कार्यसम्पन्न गर्न सकेको पाइएन । प्राप्त विवरण अनुसार कार्यालयबाट यस वर्ष विभिन्न निर्माण कार्यका लागि ४ वटा ठेक्का व्यवस्थापन भएकोमा तेस्रो चौमासिकको आषाढ महिनामै ठेक्का सम्झौता गरेको पाइयो । यो बर्ष ठेक्का सम्झौता भएका १५ ठेक्कामा ११४ बोलपत्र फाराम बिक्री भएको र ४४ वटा दाखिला भएको देखियो । बोलपत्र माग गरेको ४ ठेक्कामा २० देखि २७ प्रतिशतसम्म घटेको छ भने सिलबन्दी दरभाउपत्र माग गरेका ११ मध्ये २ ठेक्कामा १ देखि २ प्रतिशत रु ९ वटा ठेक्कामा १ प्रतिशतभन्दा कम प्रतिशतमा ठेक्का सम्झौता भएको छ । ती ठेक्काहरुमा आपसमा मिलेर सिलबन्दी दरभाउपत्र पेश गरेको कारण लागत अनुमानकै हाराहारीमा सम्झौता भएको देखियो । | |

| क्र.सं. | कार्यक्रमको नाम | ठेक्का नम्बर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | गाउपालिका भवन निर्माण गर्ने काम | ०१।०७४-७५ | ४ | २ | ४८४५६ | ३५२७४ | -२७.२० |
| २ | वडा भवन निर्माण गर्ने काम | ०२।०७४-७५ | ७ | ४ | ९०९७ | ७२५६ | -२०.२४ |
| ३ | सडक कालोपत्रे गर्ने काम । मायादेवी-१पुर्व अहिरौली चोक कल्भर्ट देखि पचविरहवा जाने बाटो | ०३।०७४-७५ | १० | ४ | २४९९ | १९३४ | -२२.६१ |
| ४ | सडक निर्माण गर्ने काम ।मायादेवी -३वरेवा देखि गाउपालिका भवन निर्माण स्थल जाने बाटो | ०४।०७४-७५ | १० | ३ | ३९९९ | ३१५० | -२१.२३ |
| ५ | सडक कालोपत्रे गर्ने काम ।मायादेवी- अहिरौली | ०५।०७४-७५ | ५ | ३ | ९९७ | ९९३ | -०.४० |
| ६ | सडक स्तरोन्नति मायादेवी-४पर्सहवा खजुरि सडक | ०६।०७४-७५ | ९ | ३ | ९९८ | ९९४ | -०.४० |
| ७ | सडक स्तरोन्नति गर्ने काम मायादेवी-५बसहवा | ०७।०७४-७५ | ९ | ३ | ६९९ | ६९८ | -०.१४ |
| ८ | सडक स्तरोन्नति मायादेवी-५गोनहिया चोक | ०८।०७४-७५ | ८ | ३ | ५९९ | ५९८ | -०.१७ |
| ९ | सडकस्तरोन्नतिमायादेवी-५मंगलपुरचोकसडक | ०९।०७४-७५ | ८ | ३ | ५९८ | ५९७ | -०.१७ |
| १० | सडक स्तरोन्नति गर्ने काम। मायादेवीलुक्ठहवा झो.पु.देखि दक्षिणको सडक | १०।०७४-७५ | ११ | ३ | ७९९ | ८०४ | ०.६३ |
| ११ | सडक स्तरोन्नति गर्ने काम। मायादेवी-५लुक्ठहवा चोक देखि पश्चिम सडक | ११।०७४-७५ | ११ | ३ | ५९८ | ५९६ | -०.३३ |
| १२ | सडक स्तरोन्नति गर्ने काम। मायादेवी-५सेमराहना गाउ भित्रको सडक | १२।०७४-७५ | १० | ३ | १०१७ | ९९३ | -२.३६ |
| १३ | सडक कालोपत्रे गर्ने काम । मायादेवी-५गोनाहा चोक देखि मंगलपुर जाने सडक । | १३।०७४-७५ | ६ | ३ | १४९७ | १४९२ | -०.३३ |
| १४ | स्वर्गद्वारी घाट निर्माण गर्ने काम । मायादेवी-८घाघरा खोलाको किनारमा | १४।०७४-७५ | ५ | ३ | ७०० | ६९१ | -१.२९ |
| १५ | जिपखरीद | | १ | १ | ५००० | ४९६० | -०.८० |
| | **जम्मा** | | **११४** | **४४** | **७७५५३** | **६१०३०** | **-२१.३१** |

| | | |
|---|---|---|
| | व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमानुसार प्रथम चौमासिक अवधिमै लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गरी सम्झौता गर्ने ठेक्कालाई बढीभन्दा बढी प्रतिस्पर्धी बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिएको छ । | |
| ६. | **कन्टिन्जेन्सी खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ भएतापनि गाँउपालिकाले ३ प्रतिशत कन्टिन्जेन्सी कटाई भुक्तानी गर्ने गरेको छ । कार्यालयबाट प्राप्त बिबरण अनुसार यो बर्ष कुल कन्टेन्जेन्सी खर्च *रु.३९ लाख ९१ हजार* खर्च लेखेको पाइयो । कुल पूँजीगत खर्च रु.१७ करोड ८१ लाख २२ हजार खर्च भएको छ । गाँउपालिकाले योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख नराखी एकमुष्ट | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | लेखा राख्ने गरेकोले योजनागत रुपमा कन्टिन्जेन्सी खर्च भिडान गर्न नसकिने अवस्था रहेको देखियो । आयोजनागत रुपमा खर्चको अभिलेख राख्नुपर्दछ । | |
| ७. | **वजेट, नीति तथा कार्यक्रम :** संविधानको धारा २३० अनुसारकार्यक्रम तयार गरी स्वीकृत भएकोमादोस्रो गाँउसभाबाट निम्न अनुसार संशोधन गरी कार्य सम्पन्न गरेको छ । गाँउपालिकाबाट एकपटक स्वीकृत भएको कार्यक्रम कुनै बिशेष परिस्थिति वेगर संशोधन गरी कार्यान्वयन गर्दा निर्णयमा स्थिरता देखिएन । गाँउपालिकाले संचालन गर्ने वार्षिक कार्यक्रमले गाँउपालिकाको भाबि कार्यादिसा निर्धारण गर्ने भएकोले योजना छनौट एवं कार्यान्वयनमा बिशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । वजेट तथा कार्यक्रम सन्दर्भमा उल्लेखित व्यहोरा देखिएको छ । | |

| यो.क.सं | योजना।कार्यक्रमकोनाम | रकम | परिवर्तनभइ कायम योजनाको नाम | वडा न | रकमरू. | बाहय |
|---|---|---|---|---|---|---|
| ५२ | सडक ग्रेभल | १०००००० | १-तिलौरी दक्षिण चोकको पोखरी पटानमा | २ | २००००० | २००००० |
| | | | २- वडा स्तरीय हेण्ड पाइप जडान | २ | २००००० | २००००० |
| | | | ३-वडा स्तरीय विद्युतिकण काम | वडा नं.-२ | ३००००० | ३००००० |
| | | | ४-वडा स्तरीय सडक ग्रेभलको लागी | वडा नं.-२ | ३००००० | ३००००० |
| १०६ | सिचाई कुलोनिर्माण | ४००००० | सडक स्तर उन्नती | वडा नं.-2 | ४००००० | ४००००० |
| ५९ | सडक ग्राभेल वडा स्तरिय | १०००००० | 1-वडा कार्यालयको ग्राउण्ड होल्ड ब्यवस्थापन गर्ने | वडा नं.-3 | १००००० | १००००० |
| | | | 2-वडा कार्यालयको अगाडी पक्कीनाली निर्माण गर्ने | वडा नं.-3 | ३००००० | ३००००० |
| | | | 3-सडक ग्राभेल | वडा नं.-3 | ४००००० | ४००००० |
| ५५ | सडक ग्राभेल सुकौंली चोक देखी मिश्र गाउँ | २०००००० | सडक कालो पत्रे गर्ने (सुकौंली चोक देखी भित्र गाउँ | वडा नं.-3 | २०००००० | २०००००० |
| २१९ | सडक ग्राभेल गुण्डा चोक देखी गुण्डासम्म | ४००००० | सडक आर.सि.सि ढलान गुण्डा चोक देखी गुण्डासम्म (वडा स्तरिय ग्राभेल बाट 200000 रआकास्मिक मर्मत वाट 200000) | वडा नं.-3 | ८००००० | ८००००० |
| 218 | सुनिर वाधसुकौंली | ४००००० | सडक ग्राभेल गुण्डा चोक देखी गुण्डा गाउँ सम्म | वडा नं.-3 | ४००००० | ४००००० |
| ६७ | सडक मर्मतसुण्डी उत्तर | ७००००० | सडक ग्राभेल लु.सा.देखी स्कुल सम्म | वडा नं.-4 | २००००० | २००००० |
| २३३ | सडक ग्रेभललु.सा.देखी स्कुल सम्म | २००००० | सडक मर्मत सुण्डी उत्तर | वडा नं.-4 | ७००००० | ७००००० |
| २२७ | नालीसमेतकालोपत्रे झुल्नीपुर | २००००० | सडक ग्राभेल झुल्नीपुर | वडा नं.-4 | २००००० | २००००० |
| २३५ | कालो पत्रेसुण्डी -4 | २००००० | सडक ग्राभेल सुण्डी -4 | वडा नं.-4 | २००००० | २००००० |
| २३९ | पोल तारवडा नं.-4 विचौवापुर | १००००० | खानेपानी जडान | वडा नं.-4 | १००००० | १००००० |
| ६५ | कालो पत्रे पक्की सडक देखी गाउँ सम्म | ७००००० | सडक ग्राभेल | वडा नं.-4 | ७००००० | ७००००० |
| २४८ | पक्की नालीनिर्माण उत्तर बनकासिया | २००००० | सडकग्राभेल | वडा नं.-4 | २००००० | २००००० |
| ६६ | पक्की नाली सहित सडक ग्राभेल बनकासिया उत्तर | ७००००० | सडकग्राभेल | वडा नं.-4 | ७००००० | ७००००० |
| २४३ | विश्नाथको घर देखीमन्दिर जाने वाटोमा नाली | १००००० | सडकग्राभेल | वडा नं.-4 | १००००० | १००००० |
| २३१ | पक्की नाली सहित सडक ग्राभेल लु.स.को दक्षिण | २००००० | सडकग्राभेल वनकसिया उत्तर | वडा नं.-4 | २००००० | २००००० |
| १२७ | सिचाई वोर ४ थान | ४००००० | 0 | वडानं५ | ० | ० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|
| | ७४ | सिचाइ वोरजडान | १५००००० | सिचाइ वोर जडान | वडा नं.-5 | १९००००० | १९००००० |
| | ७५ | पक्की नालीनिर्माण | ३०००००० | १-सडम स्तर उन्नति,लुक्ठहवा पुर्व टोल | वडा नं.-5 | ८००००० | ८००००० |
| | ७८ | वडा स्तरको वाटो ग्रेभल | ३०००००० | २-सडम स्तर उन्नति,लुक्ठहवा पशचिम | वडा नं.-5 | ६००००० | ६००००० |
| | | | | ३-सडम स्तर उन्नति मंगल पुर | वडा नं.-5 | ६००००० | ६००००० |
| | | | | ४-सडम स्तर उन्नति गोनहिया | वडा नं.-5 | ६००००० | ६००००० |
| | | | | ५-सडम स्तर उन्नति वसहवा | वडा नं.-5 | ७००००० | ७००००० |
| | | | | ६-सडम स्तर उन्नति लोधपुर | वडा नं.-5 | ३००००० | ३००००० |
| | | | | ७-सडम स्तर उन्नति गोनहा | वडा नं.-5 | ९००००० | ९००००० |
| | | | | ८-सडम स्तर उन्नति विचौवापुर | वडा नं.-5 | २००००० | २००००० |
| | | | | ९-सडम स्तर उन्नति वर्सौली उत्तर टोल | वडा नं.-5 | ३००००० | ३००००० |
| | | | | १०-सडम स्तर उन्नति वर्सौली दक्षिण | वडा नं.-5 | ३००००० | ३००००० |
| | | | | ११-बुडवा गाउंमा सडक स्तरउन्नति | वडा नं.-5 | ५००००० | ५००००० |
| | | | | १२-पक्की नाली सेमरहना | वडा नं.-5 | २००००० | २००००० |
| | ७७ | लुम्बनीरोड देखी पर्सहवा गाउँ हुदै खजुरीया जाने वाटो | १५००००० | 1-लुम्बनी खजुरीया जाने सडा स्तरउन्नती | वडा नं.-5 | १०००००० | १०००००० |
| | | | | 2-गुर्वनिया व्यास टोलमा सडकस्तरउन्नती | वडा नं.-5 | ५००००० | ५००००० |
| | १२६ | रामजानकीधर्मशाला निर्माण | ५००००० | राम जानकी धर्मशाला निर्माण | वडा नं.-5 | ३५०००० | ३५०००० |
| | | अधुरोसमुदायिकभवन नर्माण | ३५०००० | अधुरो समुदायिक भवन नर्माण | वडा नं.-5 | ५००००० | ५००००० |
| | ७६ | सेमरही गाउँ सडक मर्मत | १५००००० | १-सडक स्तर उन्नती -सेमरहनी | वडा नं.-5 | ५००००० | ५००००० |
| | | | | २-सडक स्तर उन्नती -सेमरहनी | वडा नं.-5 | १०००००० | १०००००० |
| | ७९ | नाली तटवन्ध | १२००००० | १-नदि तटवन्ध गुरवनिय | वडा नं.-5 | ३००००० | ३००००० |
| | | | | २-नदि तटवन्धलुक्ठाहवा | वडा नं.-5 | २००००० | २००००० |
| | | | | ३-नदि तटवन्ध वसहवा | वडा नं.-5 | २००००० | २००००० |
| | | | | ४-नदि तटवन्ध गोनहिया | वडा नं.-5 | २००००० | २००००० |
| | | | | ५-नदि तटवन्ध मंगलपुर | वडा नं.-5 | २००००० | २००००० |
| | | | | ६-विद्युत पोल | वडा नं.-5 | १००००० | १००००० |
| | ८० | वडास्तरको वाटोको स्तर बृद्धि | १०००००० | १-तीनाउ नि.मा.विको फिल्डमा माटो पटान | वडा नं.-६ | १००००० | १००००० |
| | | | | २-नहर सडक पूर्व सार्वजनिकपोखरीमा माटो पटान तथा तारवार | वडा नं.-६ | ४००००० | ४००००० |
| | | | | ३-सडक मर्मत तथा ग्रेभल गर्नेकाम | वडा नं.-६ | ५००००० | ५००००० |
| | ८३ | सडक मर्मत तथा आरसिसि ढलान प्रतेक टोलमा | २५००००० | स्प्रेयर टेङकी खरिद | वडा नं.-६ | ५००००० | ५००००० |
| | | | | सडक स्तर उन्नती | वडा नं.-६ | १५०००० | १५०००० |
| | | | | हेण्पाइ खानेपानीको लागी | वडा नं.-६ | ५००००० | ५००००० |
| | २९६ | पिछडा वर्गकोवस्तिमा सरसफाई खानेपानी तथा पक्कीनाली निर्माण मुस्लिम पिछडा | २००००० | खानेपानी कोलागी अटिजन वोरिङ्ग जडानपिछडा वर्गको वस्तिमा | | २००००० | २००००० |
| | ८६ | पक्की सडङ्क निर्माण (विश्वकर्मा लुम्बिनी रोड देखी | ६०००००० | सडक आरसिसि गर्ने काम (मर्चाहवा) | वडा नं.-7 | ५७००००० | ५७००००० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | मरचहवा,परतियाखण्डँ हुदै वनगाइ सम्म | | | | | | |
| | २७४ | कल्भर्ट निर्माण मर्चाहवा र पर्तिया गाउँको घोलामा | ३००००० | कल्भर्ट निर्माण मर्चाहवा र पर्तिया गाउँको घोलामा | वडा नं.-7 | ६००००० | ६००००० | |
| | २७६ | अधुरोना.स.केन्द्र भवन निर्माण | ३००००० | अधुरो ना.स.केन्द्र भवन निर्माण | वडा नं.-7 | २००००० | २००००० | |
| | ९० | वडा स्तरकोवाटो ग्रेभल | १०००००० | वडा स्तरको वाटो ग्रेभल | वडा नं.-7 | ८००००० | ८००००० | |
| | २७३ | कल्भर्ट निर्माण अशोक इट्टा र टिएम इट्टा कारखानाको विचमा | ३००००० | कल्भर्ट निर्माण अशोक इट्टा र टिएम इट्टा कारखानाको विचमा | वडा नं.-7 | ६००००० | ६००००० | |
| | 278 | सागरमाथा पथ लाई नाली निर्माण र ग्रेभल | ३००००० | सागरमाथा पथ लाई नाली निर्माण गर्ने | वडा नं.-८ | ३००००० | ३००००० | |
| | ९५ | उचमि मार्ग सि.न.पा देखी घाघरा खोला सम्म सडकको दुवै तर्फ पक्कीनाली तथा कालो पत्रे गर्ने | १४००००० | कल्भर्ट निर्माण (वडा नं.८ उचमि वाट सि.न.पा अन्पुर्णा टोल जानेसडकमा) | वडा नं.-८ | १४००००० | १४००००० | |
| | 91 | सिद्धार्थ मार्ग शिव मन्दिर देखी घाघराखोला सम्म सडक को दुवै तर्फनाली निर्माण र कालो पत्रे गर्ने | २५००००० | सिद्धार्थ मार्ग कालो पत्रे गर्ने | वडा नं.-८ वसडीलवा | २५००००० | २५००००० | |
| | 92 | सर्वजित चौतारी पथ लाई नाली निर्माण र कालो पत्रे गर्ने | २५००००० | सर्वजित चौतारी पथ लाई नाली निर्माणगर्ने | वडा नं.-८ वसडीलवा | २५००००० | २५००००० | |
| | 93 | लुम्बनी रोड देखी शैक्षिक तालिम केन्द्र सम्म पक्की नाली र कालोपत्रे निर्माण गर्ने | २६००००० | लुम्बनी रोड देखी शैक्षिक तालिम केन्द्र सम्म पक्की नालीनिर्माण गर्ने | वडा नं.-८ मतखोलवा | २६००००० | २६००००० | |
| | 96 | विनायक टोल मा सडकको दुवै तर्फ पक्की नाली तथा ग्राबेल गर्ने | ११००००० | विनायक टोल मा सडकको दुवै तर्फ पक्की नाली गर्ने | वडा नं.-८ | ११००००० | ११००००० | |
| | 132 | कृषिसिचाईको लागीपोल तार | २००००० | वडा स्तरीय विद्युतिकरणगर्ने | वडानं.-८ | २००००० | २००००० | |
| | 280 | आमा समुहको भवनको वाउन्डरी निर्माण गर्ने | २००००० | आमा समुहको भवन मर्मत गर्ने | वडा नं.-८ | २००००० | २००००० | |
| | 1 | कृषि विकासकार्यक्रम म्याचिङ्ग | १०००००० | कृषि विकासकार्यक्रम | गा.पा | २०००००० | १५००००० | |
| | 2 | पशु विकासकार्यक्रम म्याचिङ्ग | १०००००० | पशु विकासकार्यक्रम | गा.पा | २०००००० | १५००००० | |
| | 16 | महिला तथा बालबालिका कार्यक्रम म्याचिङ्ग | १०००००० | महिला सशक्तिकरण सचेतनातथा आयआर्जन कार्यक्रम | गा.पा | १०००००० | ५००००० | |
| | 17 | जनस्वस्थ्यकार्यक्रम म्याचिङ्ग | १०००००० | जनस्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम औषधी तथा सामग्रीब्यवस्थापन | गा.पा | १५००००० | १०००००० | |
| | 106 | वन वातावरण म्याचिङ्ग | १०००००० | 1-सरसफाइकार्यक्रम | गा.पा | ७००००० | ७००००० | |
| | | | | 2-वन तथा वातावरण संरक्षण कार्यक्रम | गा.पा | ३००००० | ३००००० | |
| | 8 | समपुरकबाट | | प्रधानमन्त्रीकृषि आधुनिकीकरण परियोजना | गा.पा | ५३००००० | ५३००००० | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | आयुर्वेद पद्धति द्धारा स्वस्थ्य उपचार कार्यक्रम | ५००००० | आयुर्वेद पद्धति द्धारा स्वस्थ्य उपचार कार्यक्रम | गा.पा | २००००० | ० |
| १९ | आत्याबवश्यकऔषधी खरिद आयुर्वेद | ५००००० | अत्याबश्यकऔषधी खरिद आयुर्वेद | गा.पा | ८००००० | ५००००० |
| | | | परीक्षा सुधार तथा व्यवस्थापन कार्यक्रम | गा.पा | १५०००० | |
| | | | गाउँपालिका भित्रको व्यवस्थित, अव्यवस्थित तथा वेदर्ता घर जग्गा रव्यापार व्यवसायकोअभिलेख कार्यक्रम | गा.पा | ५००००० | |
| | | | टोल विकाससंस्था गठन कार्यक्रम | गा.पा | १००००० | |
| 161 | दलित वस्तिमा खानेपानी अटिजन वोरिङ्ग (दलित) | ४००००० | दलित वस्तिमा खानेपानी हेण्डपाईप (दलित) | | ४००००० | ४००००० |

७.१. स्थानीय आवश्यकताका आधारमा विकास गर्ने संघीयताको मर्म अनुसार स्थानीय स्तरबाट माग हुने योजना तथा कार्यक्रमहरु जनअपेक्षा अनुसार छनौट भई सिध्र कार्यान्वयन हुनुपर्नेमा संशोधन भएको योजनाहरु वडास्तरीय रहेको देखिएकोले वडाबाट छनौट हुने योजनाहरुको छनौट आधार यथार्थ नभएको देखिन्छ । स्वःस्फुर्त रुपमा आवश्यकता पहिचान गरी दीर्घकालिन लक्ष्य सहितको योजना छनौट गरी कार्यान्वयन गर्नेतर्फ गाँउपालिकाको ध्यान जानु पर्दछ ।

७.२. संशोधन भएको सम्पूर्ण योजनाहरु केन्द्रिय वजेटका निःसर्त अनुदानतर्फको छनौटमा परेका योजनाहरु रहेको छन् । वजेट थपघट गर्ने, ग्राभेल गर्नुपर्ने सडकलाई कालोपत्रे गर्ने गरी वजेट थप गर्ने, कालोपत्रे गर्ने सडकलाई ग्राभेलमात्र गर्ने गरी वजेट कटौती गर्ने, सडक नाली निर्माण गर्नुपर्नेमा ग्रोभेलमात्र गर्ने, अधुरो निर्माण कार्यलाई समेत परिवर्तन गर्ने जस्ता कार्य गरेबाट गाँउपालिकाले वजेट तथा कार्यक्रमको सिद्घान्त पालना गरेको नदेखिएकोले कार्यक्रम छनौट, स्वीकृत एवं वजेट विनियोजन गर्दा आवश्यकता र औचित्य समेतमा ध्यान पुर्‍याई कार्यक्रम स्वीकृत गर्नुपर्ने देखिएको छ ।

७.३. **आकस्मिक कार्य :** गाँउपालिकाले आकस्मिक कार्यका लागि प्रति वडा रु.५ लाखका दरले वजेट विनियोजन गरी रु.५० हजार देखि ३ लाख सम्मका बाटो ग्राभेल गर्ने, सडक मरमत गर्ने, ढल निर्माण गर्ने कार्यमा खर्च गर्ने गरेको पाइयो । आकस्मिक मरमत संभार र विपद व्यवस्थापनका लागि गाँउपालिकाले यस वर्ष रु.७४ लाख विनियोजन गरेकोमा रु.४९ लाख ४३ हजार खर्च गरेको छ । यस प्रकारको सानातिना कार्यमा बजेट खर्च गर्दा वजेट खर्चको प्रक्रिया पुरा नगरी पटके खर्च गर्ने गरेको छ । आपतकालिन मरमत संभारको आवश्यकता र आधार पुष्टि गरेरमात्र खर्च गर्ने व्यवस्था गर्नुपर्दछ । गाँउपालिकाले यसप्रकारका कार्यका लागि बिपत व्यवस्थापन कोष खडा गरी खर्चको मापदण्ड र कार्यविधि बनाई सञ्चालन गर्नुपर्ने देखिन्छ ।

७.४. **न्यून बजेटका योजना संचालनः-** गाँउपालिकाबाट जारीआर्थिक वर्ष ०७४/७५ को नीति तथा कार्यक्रममाउल्लेखित अतिरित्त नीति नं.५ मा ससाना टुक्रे योजना बनाई परिमाण देखाउन नसकिने योजना निर्माण गर्ने प्रक्रियाको अन्त्य गरिने नीति उल्लेख गरेता पनि गाँउपालिकाले यस बर्ष गाँउपालिका पूंजीगत बजेट अनुदान शीर्षकबाट २९९ वटा कार्यक्रमको लागी बजेट स्वीकृत गरको मध्ये रु.५० हजारदेखि रु.५ लाखसम्मको अधिकांश योजना रहेका छन् ।यस्ता आयोजना कार्यान्वयन गर्दा लाग्ने लागत भन्दा त्यसको लागत अनुमान तयार गर्ने, निर्माण कार्यको निरीक्षण गर्ने, नापजाँच गर्ने र अनुगमन एबं सार्बजनिक परीक्षण गर्ने कार्यमा बढी खर्च लाग्न सक्ने हुँदा न्यून बजेटका योजना सँचालन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

८. **तालिम संचालन** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम३६(५) मा अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्वीकृत गराई तालिम कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ भने सार्वजनिक खरिद ऐनले सार्वजनिक निकायले खरिद कार्य गर्दा प्रतिस्पर्धालाई जोड दिनुपर्ने व्यवस्था गरेको छ । गाँउपालिकाबाट यस वर्ष निम्न तालिम कार्यमा खर्च गरेको छ ।

| सि.नं. | तालिमको नाम | खर्च रकम रु. |
|---|---|---|
| १ | व्युटीपार्लर तालिम | ४,००,०००/- |
| २ | टेलरिङ्ग सम्बन्धी ३ महिने आधारभूत तालिम | ४,००,०००/- |
| ३ | महिलाहरुको लागि पशुपंक्षी पालन तालिम | ५,००,०००/- |
| ४ | कुचो मुढा बुन्ने तालिम | ५,००,०००/- |
| ५ | पदाधिकारी कर्मचारी क्षमता विकास तालिम | ८,००,०००/- |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ६ \| वाइरिङ्ग, मोबाइल रिपेरिङ्ग तालिम(आदिबासी जनजाती) \| ५,००,०००/-<br>७ \| एकिकृत सम्पत्ति कर सम्बन्धी तालिम \| ३,००,०००/-<br>८ \| कृषि सम्बन्धी तालिम (दलित) \| ३,००,०००/-<br>९ \| कृषि सम्बन्धी तालिम (महिला) \| ३,००,०००/-<br>१० \| आदीबासी जनाजातीलाई मैन बनाउने तालिम \| ४,००,०००/-<br>सञ्चालित तालिम कार्यक्रम सम्बन्धमा देखिएको थप व्यहोराहरु निम्न अनुसार छन् । | |
| ८.१. | **संस्था छनौट :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४ बमोजिम तयार भएको खरिद विवरणका आधारमा लागत अनुमान तयार गरी दफा ८ अनुसार खरिद विधि छनौट गर्नुपर्नेमा गाँउपालिकाले विभिन्न सामाजिक संस्थाहरुसंग सिधै सम्पर्क गरी सम्झौता गरेर तालिम संचालन गर्न लगाई तालिम खर्चको विलभरपाई पेश गर्न लगाएको देखिन्छ । तालिम प्रयोजनका लागि आवश्यक बिज्ञता, क्षमता, दक्षताका आधारमा प्रतिश्पर्धा गराई तालिम दिने संस्था छनौट गर्नुपर्नेमा सिधै सम्झौता गरी संञ्चालन गरेको नियम सम्मत देखिएन । तालिममा संलग्न हुन चाहने संस्थाहरुबाट उत्कृष्ट प्रपोजल पेश गर्ने संस्था छनौट गरी सो अनुसार छनौट गरी तालिम संचालन पश्चात प्रपोजल अनुसार कार्यक्रम कार्य सम्पन्न भए नभएको र त्यसमा गरिएको खर्च र कृयाकलाप सम्झौता भए नभएको बिश्लेशण गरी तालिमको समिक्षा गर्ने गरेको छैन ।तालिमबाट लक्षित उपलब्धी हासिल भए नभएको समेत यकिन नहुने हुनाले छनौट गर्दा सार्वजनिक खरिद ऐनको व्यवस्था पालना गरी प्रतिश्पर्धाका माध्यमबाट संस्था छनौट गर्नुपर्दछ । | |
| ८.२. | **आश्यकता पहिचान :** आवश्यकताका आधारमा तालिम दिनुपर्नेमा गाँउपालिकाबाट संचालित उल्लेखित विभिन्न तालिमहरुकालाीग सहभागी पहिचान र छनौट गर्ने आधार स्पष्ट देखिएन लक्षित समूहबाट तालिम आवश्यकता पहिचान गरी तालिमका लागि खुल्ला सूचना आव्हान गरी तालिम सहभागी पहिचान तथा छनौट गर्नुपर्नेमा तोकिएको स्थानमा तालिम संचालन गर्न वडाबाट तोकिएको व्यक्ति तथा समूहलाई सिफारिश गरेको आधारमा तालिममा सहभागी गराई तालिम संचालन गर्ने गरेको छ । यसबाट वास्तविक तालिम आवश्यकता भएका व्यक्तिलाई तालिम उपलब्ध गराइको भन्न सक्ने आधार समेत देखिएन । गाँउपालिकाले तालिमका माध्यमबाट गरेको अपेक्षा पूर्तिगर्न तोकिएको समुहको आयआर्जनमा बृद्धि गर्नका लागि तालिम पश्चात हुने सहभागिको कृयाकलापमा भरपर्ने भएकोले तोकिएको तालिम कार्यक्रको आवश्यकता पहिचानलाई बिशेष ध्यान दिनुपर्दछ । तालिमबाट प्राप्त सीप एवं दक्षताको उपयोग भए नभएको सम्बन्धमा समन्वय, निगरानी र सहकार्य गरी तालिमको उपयोग गर्नुपर्दछ । | |
| ८.३. | **तालिम कार्यक्रम संचालन :** तालिम संचालनका लागि सम्झौता भएका संस्थाहरुबाट तालिम संचालन गर्दा तालिमको मोडालिटी, प्रशिक्षकको योग्यता, सहभागिताको मनोनयन, दैनिक उपस्थिति हाजिरी बिबरण, तालिम संचालन तालिका, तालिममा सिकाइएका बिषय, प्रशिक्षक बिवरण लगायत अनिबार्य संलग्न गर्नुपर्ने सबै प्रमाणहरु पेश भएको छैन । स्टेशनरी खरिद र बितरण संख्या भिडान नभएको, पढाईको ह्याड्स आउट, पावरप्वाइन्ट लगायत तालिम संचालन गर्दा भएको कृयाकलाप संलग्न नगर्ने, तथा केही संस्थाबाट तालिम कार्यक्रमको प्रतिवेदन समेत पेश गरेको देखिएन । तालिमका लागि तोकिएको मोडालिटी अनुसार तालिम संचालन भएको सम्पूर्ण कृयाकलाप समेटिने गरी आवश्यक प्रमाण पेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ८.४. | **संचालक योगदानः** गाँउपालिकाले २ महिने बुटिक तालिमका लागि "रगतका लागि हामी"गैर सरकारी संस्थासंग संझौता गरेकोमा माग गरिएको प्रपोजल अनुसार संस्थाबाट रु.७७,७५०/- व्यहोर्न पर्नेमा रु.६२,३२५/- मात्र खर्च गरेको बिल भरपाई पेश भएको छ । प्राप्त प्रस्ताव अनुसार ग्रीनयुथ लुम्बिनिले रु.७४,५००/- व्यहोर्ने उल्लेख गरेकोमा सबै भन्दा बढी लगानी गर्ने संस्थालाई तालिम संचालन जिम्मेवारी दिइएकोमा संचालक संस्थाबाट गर्नुपर्ने खर्च नगरे तापनि संझौतामा उल्लेख गरिएको पूरै रकम भुक्तानी गरेको छ । तोकिएको रकम खर्च नगर्दा फरक परेको रकम हेर्दा ग्रीनयुथ लुम्बिनीले प्रस्ताव गरेको रकम बढी हुन गई उक्त तालिम ग्रीनयुथ लुम्बिनीले प्राप्त गर्नुपर्ने अवस्था रहने देखिएकोले उक्त फरक रकम रु.१४,८७७/- सम्बन्धित संस्थाबाट खर्च नभएकोले भुक्तानी दिन मिल्ने नदेखिएको रु. | १४,८७७/- |
| ८.५. | **अनुगमन प्रतिवेदन :** गाँउपालिकाले संचालन गर्ने सबै तालिम कार्यक्रममा अनुगमन भत्ता विनियोजन गरी भत्ता खर्च लेखेको छ । तालिमको अनुगमनबाट देखिएको व्यहोरा, तालिमबाट देखिएको सकरात्मक | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | एवं नकरात्मक पक्ष, सुधारका क्षेत्रहरु र आगामी दिनमा गाँउपालिकाले लिनुपर्ने नीति समेत बिश्लेषण गरी अनुगमन प्रतिवेदन तयार गरी भावी रणनीति बनाउने गरी अनुगमन प्रतिवेदन गर्ने गरेको छैन । तालिमको लगानीमा समावेश भएको खर्चको उपयोग हुनेगरी अनुगमन प्रतिवेदन गर्ने र सो प्रतिवेदन कार्यान्वयन गर्नेतर्फ गाँउपालिकाको ध्यानजानुपर्ने देखिन्छ । | |
| ८.६. | **लगत व्यवस्थापन :** गाँउपालिकाबाट संचालन हुने तालिमले सो क्षेत्रका जनताको जीवनस्तरमा ल्याउने परिवर्तनका आधारमा गाँउपालिकाको भावी रणनीति तय हुने हुँदा कुन कुन वडामा के के तालिम संचालन गरिएको छ । कुन कुन तालिम आवश्यक छ, कसरी संचालन गर्दा प्रभावकारी हुने लगाएत निर्णयका लागि समेत तालिम संचालनको लगत व्यवस्थापन गर्नु पर्नेमा सो लगत राखेको देखिएन । तालिमको आवश्यकता पहिचान गर्ने, प्रभावकारी संचालनका लागि उपयुक्त संस्था छनौट गर्नका लागि संस्थाहरुको लगत सूचीकृत गर्ने, तालिमको उपलब्धि र भावी रणनीति सन्दर्भमा उपयोग हुनेगरी तालिमको लगत व्यवस्थित गर्नुपर्दछ । | |
| | **<u>बित्तीय समानीकरण पूँजीगततर्फ</u>** | |
| ९. | **मेलमिलाप अनुदान :** गाँउपालिकाको स्वीकृत कार्यक्रम अनुसार सामुदायिक मेल मिलाप केन्द्रलाई तलव, संचार, विविध खर्च समेत कानूनी शिबिर संचालनका लागि रु.२०,०००/- र पुनर्ताजगी तालिम संचालनका लागि रु.३०,०००/- समेत रु.२ लाख भुक्तानी गरेकोमा उक्त रकम सम्झौता अनुसार खर्च गरे नगरेको, तोकिएको तालिम संचालन गरे नगरेको प्रतिवेदन पेश भएको देखिएन । तोकिएको तालिम एवं शिबिर संचालन गरी शर्त अनुसार खर्च गरेको प्रमाण पेश हुनुपर्ने रु. | २,००,०००/- |
| १०. | **तालिम संचालन बिल :** गाँउपालिकाले माग गरेको प्रस्ताव अनुसार रु.४ लाख १५ हजार खर्च गर्नेगरी १६० जनालाई दलित अधिकार सम्बन्धी तालिम दिनेगरी मर्चबार युवा समाजसंग २०७४/१२/०५ मा भएको सम्झौता भएकोमा उक्त तालिम संचालनमा रु.३,३८,६६५/- मात्र खर्च भएको बिलभरपाई पेश भएको छ । पेश भएको बिलहरुमा कुशुम डिजिटल प्रिन्टको तालिम सामग्री खर्च रु.५ हजारलाई रु.२० हजार बनाउने लगायत अन्य बिलहरु केरमेट गरी पेश गरेको देखिएकोले उक्त खर्च सम्बन्धमा यकिन गरी बढी भुक्तानी भएको रकम रु.७६,३८५/- असुल गर्नुपर्ने रु... | ७६,३८५/- |
| ११. | **उपभोक्ता समितिबाट भएको निर्माण कार्य:** गाँउपालिकाले सडक स्तरोन्नति गर्ने, सडक कालोपत्रे गर्ने, भवन निर्माण, बिद्यालय पर्खाल निर्माण, सडक कल्भर्ट निर्माण लगायत कार्यहरु उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गरी खर्च गरेको छ । उपभोक्ता समितिबाट भएको निर्माण कार्यको परीक्षण गर्दा देखिएको व्यहोराहरु यस प्रकार छन् : | |
| ११.१. | **उपभोक्ता समिति :** संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| ११.२. | **लागत अनुमान :** सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम १० अनुसार लागत अनुमान तयार एवं स्वीकृत गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । खरिदको प्रकृति अनुसार परिमाण बिश्लेषण गरी दर बिश्लेषणका आधारमा खरिद मूल्य निकाल्नुपर्नेमा गाँउपालिकाबाट छनौट भई स्वीकृत भएका कार्यक्रमहरुको स्वीकृत वजेटको सिमाभित्र पर्ने गरी लागत अनुमान तयार गर्ने गरेको छ । प्राविधिकबाट वजेट अनुसार लागत अनुमान तयार गर्ने र सोही आधारमा नापी किताव तथा कार्य सम्पन्न तयार गरेको देखिन्छ । उपभोक्ताले गर्ने कार्यको लागत अनुमान तयार गरेकोमा उपभोक्ताबाट गर्न सकिने काम र सो कार्यका लागि लाग्ने निर्माण सामग्रीको परिमाण(Material Breakdown) श्रमको दर तथा संख्या उपलव्ध गराउने गरेको छैन । उपभोक्तालाई विवरण उपलव्ध नगराएको कारण उपभोक्ताले वजेट भन्दा बढीको बिल भरपाई तथा डोर हाजिर पेश गर्ने गरेको अवस्था छ । वडा नं. ४ र ६ का केही योजना बाहेक अन्य सबै योजनाको लागत अनुमान अनुसार कै उपभोत्ताको बिल, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन तयार भएको अवस्था छ । लागत अनुमान गर्दा अनुमान गरिएको परिमाणका आधारमा काम गर्नुपर्नेमा वजेटलाई मिलान गर्नेगरी लागत अनुमान तयार गरेका कारण विनियोजित रकम बराबर नै खर्च भएको जनाई उपभोक्तालाई भुक्तानी गरेको अवस्था छ । यथार्थ परिमाणका | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>आधारमा लागत अनुमान बनाई उपभोक्ताले पेश गर्ने सामाग्री खरिद विवरण तथा डोर हाजिर नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.३.</td><td>मेशिनको प्रयोग:- सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेशिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेशिन प्रयोग गर्नुपर्ने भनी प्राबिधिकबाट सिफारिश भई आएकोमा मेशिनप्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालिकाले स्वीकृत गरिएको सडक कालोपत्रे गर्ने, ग्राभेल गर्ने, बिद्युतीकरणका लागि ट्रान्सफर्मर जडान गर्ने लगायत योजनाहरु उपभोक्ताबाट मेशिन प्रयोग गरी सम्पन्न गराएको देखियो ।<br>श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमाबलीको मनसाय भएतापनि बाटो ग्राभेलिङ्ग गर्ने, स्तरोन्नति गर्ने, कालोपत्रे गर्ने काम मेशिनबाट गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ताबाट काम गराएबाट मेशिन प्रयोग नहुने काम उपभोक्ताबाट गराउने नियमको मनसाय पालना भएको देखिएन । त्यसमा गाँउपालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.४.</td><td>खरिद कर बिजक :-सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट तोकिएको सिमासम्मका खरिद गर्न सकिने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको बिलभरपाई परीक्षण गर्दा निम्न अवस्था देखिएको छ ।
<table>
<tr><th>कामको नाम</th><th>संभौता रकम</th><th>सप्लायर्सको नाम</th><th>खरिद रकम</th><th>बिलको रकम</th><th>बिल संख्या</th><th>कैफियत</th></tr>
<tr><td>६ नं.मा माटो पटान कार्य</td><td>३,००,०००/-</td><td>श्रीकृष्ण सप्लायर्स</td><td>२,८०,०००/-</td><td>२०,०००/-</td><td>१४</td><td>माटो खरिद गरेको</td></tr>
<tr><td>भिल्लरहवा सडक स्तरोन्नती</td><td>२,५०,०००/-</td><td>अकवल सप्लायर्स</td><td>२,५०,०००/-</td><td>१९,२३०/-</td><td>१३</td><td>वालुवा गिट्टी आदि खरिद</td></tr>
<tr><td>लुम्बिनी गुण्डा सडक</td><td>२५,००,०००/-</td><td>कलर्स हार्डवेयर</td><td>७,८०,०००/-</td><td>१९,५००/-</td><td>४५</td><td>बेश खरिद</td></tr>
<tr><td>सडक स्तरोन्नती कार्य</td><td>१५,००,०००/-</td><td>डिलेश्वर सप्लायर्स</td><td>९,९८,४००/-</td><td>१९,२००/-</td><td>५२</td><td>सब वेश, माटो आदी</td></tr>
<tr><td rowspan="2">उत्तर वनकसिया सडक</td><td>७,००,०००/-</td><td>अकवल सप्लायर्स</td><td>४,३४,३२०/-</td><td>विभिन्न</td><td>२२</td><td>लोडर प्रयोग</td></tr>
<tr><td></td><td>लक्ष्मी सप्लायर्स</td><td>१,५९,९२०/-</td><td>१९,९९०/-</td><td>१९</td><td>लोडर प्रयाग</td></tr>
</table>
उपभोक्ताले रु.२० हजार नकटाई प्यान बिल प्रयोग गर्नका लागि टुक्रा बिल पेश गरेको देखिन्छ भने सम्झौता रकम बराबर सप्लायर्सहरुलाई भुक्तानी गरेको देखिंदा उपभोक्ताबाट भएको खर्च व्यवसायीको फर्ममा पुगेको तर व्यवसायीले सिमाभन्दा बढीको कारोबार गरे तापनि मूल्य अभिबृद्धि करको दायरामा नआएको देखिएकोले सम्बन्धित निकायले समेत अनुगमन गर्नुपर्ने देखिन्छ । साथै उपभोक्ताले जुनसुकै अवस्थामा पनि रकमको जोडजम्मा पुऱ्याउने प्रयास गरेको देखिन्छ । श्रम प्रदान निर्माण कार्यमा उपभोक्ताको रोजगारी, अपनत्व हुनेगरी संचालित उक्त योजनाहरु सप्लायर कर्ताबाट सम्पन्न भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>११.५.</td><td>लागत सहभागिता : सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(३) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यको सम्झौता गर्दा लाभग्राही समुदायले व्यहोर्नपर्ने योगदान निश्चित गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यसवर्ष संचालन गरेको योजनाहरुमा लागत सहभागितामा एकरुपता कायम गरेको छैन । लागत अनुमान तयार गर्दा विनियोजित वजेट भन्दा जति वढी रकमको लागत देखिन्छ सो रकम उपभोक्ताको लागि छुट्याउने गरेको देखियो । यसरी सम्झौता गर्दा १ देखि १५ प्रतिशतसम्म उपभोक्ता योगदान संलग्न गरे तापनि उपभोक्ताबाट भएको सो रकम बराबरको योगदान देखिने गरी नापी किताव तयार गर्ने गरेको छैन । जनहित प्रा.वि. दुबिहवाको भवन निर्माणमा रु.४ लाख बिनियोजन गरेकोमा लागत अनुमान अनुसार जनश्रमदान देखिएन । योजनाको अनुगमन गर्ने पदाधिकारीहरुले उक्त योजनाको अनुगमन फाराममा उपभोक्ताको संलग्नता हुन नसकेको व्यहोरा उल्लेख गरेको देखिए तापनि प्राविधिकबाट लागत अनुमानमा उल्लेखित कार्य सम्पन्न भएको, उपभोत्ताबाट तोकिएको योगदान गरिएको उल्लेख गरी कार्यसम्पन्न प्रतिवेदन तयार भएबाट सम्पन्न कार्यमा उपभोक्ताको सहभागिता गणना यथार्थ भएको मान्न सकिएन ।</td><td></td></tr>
<tr><td>११.६.</td><td>निर्माण गुणस्तर :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ ।उपभोक्ता समितिबाट सडक कालोपत्रे गर्ने कार्य गरेकोमा सो कार्यको प्रयोगशाला गुणस्तर परीक्षण भएको देखिएन । निर्माण कार्यको गुणस्तर परीक्षण व्यवस्था नहुँदा सम्पन्न निर्माण कार्यको गुणस्तर यकिन भएन । उपभोक्ताबाट निर्माण भएको सडकको दीगो र प्रभावकारी व्यवस्थापनका लीग गुणस्तरीय निर्माणमा गाँउपालिकाको ध्यान जानुपर्दछ । | |
| ११.७. | **डोर हाजिर तथा बिल भरपाई:** तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिलेडोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण तयार गरी प्राविधिकबाट प्रमाणित गर्नुपर्नेमा प्राविधिकबाट डोर हाजिरलाई मान्यता दिनेगरी डोर हाजिर प्रमाणित गरेको देखिएन । डोर हाजिरमा उल्लेख भएको ज्याला र नर्म्स अनुसार जिन्सी सामान खपत बिश्लेषण गर्ने नगरेबाट आवश्यकता र उपलब्धता निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार देखिएन । फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम स्वीकृत गर्ने, प्राविधिक पुष्ट्याई सहित खर्चको बिलभरपाई प्रमाणित गर्नुपर्नेमा सो गर्ने गरेको छैन । प्राविधिक जनशक्ति अभाव भएको कारण उपभोत्ताको बिल जाँच गर्ने, डोर हाजिर प्रमाणित गर्ने, फिल्ड भेरिफिकेशन र नियन्त्रण गर्ने कार्यमा ध्यान दिन नसकेको प्राविधिकबाट स्वीकार गरेको अवस्था छ । उदाहरणका लगि तीलौरी नि.मा.विको भौतिक पूर्वाधार मरमतमा भएको खर्च बिलमा होर्डिङ्गबोर्ड निर्माणमा रु.९६०/- खर्च भएको बिलबाट देखिएकोा समेत कार्यसम्पन्नमा रु.२ हजार खर्च मूल्याङ्कन गरी सो अनुसार भुक्तानी गरिएको छ । खर्चको बिल भरपाईका आधारमा नभई नाँपका आधारमा कार्यसम्पन्न तयार गरिएकोले अनावश्यक विल भरपाई, डोर हाजिर लगायत प्रमाण पेश गरेको अवस्था छ । मौखिकतयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ । | |
| ११.८. | **निर्माण कार्यको लगत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यबस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको सडक, कल्भर्ट, बिद्यालय भौतिक पूर्वाधारहरुको लगत अद्यावधिक गरेको देखिएन । गाँउपलिकाले निर्माण गरिएका संरचनाहरुको लगत अद्यावधिक गरीवार्षिक रुपपमा कार्यक्रम स्वीकृत गर्दा सोलाई आधारमा लिई उपभोक्ताबाट भएको निर्माण कार्यको लगानी प्रभावकारीता बृद्धि गर्नुपर्दछ । सालबसाली रुपमा निर्माण गरिएका भौतिक संरचनाहरु लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको मितव्ययिता र प्रभावकारिता कायम गर्नुपर्ने देखियो । | |
| ११.९. | **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुबाई :-** स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐनको व्यबस्था कार्यान्वयन हुनुपर्दछ । | |
| ११.१०. | **संभ्फौतामा समय सिमा निर्धारण :**मदरसा निर्माणका लागि २०७४/११/२२ मा उपभोक्ता समितिसंग भएको सम्फौता अनुसार २०७५/०१/२० मा सम्पन्न गर्ने सम्फौता भएकोमा विभिन्न कारण जनाई २०७५/०३/०३ सम्मको म्याद थप भएर पनि २०७५/०३/१८ मा कार्यसम्पन्न भएकोमा समेत सम्फौतामा म्यादभित्र कार्यसम्पन्न नगरेमा के हुने भन्ने व्यवस्था नभएको कारण हर्जाना कट्टा लगायतका कुनै कानूनी कारबाही गरेको छैन । | |
| ११.११. | **नापी किताबप्रबिष्टी एवं अभिलेख:** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं. आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्टरुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । गाँउपालिकाले तयार गरेको नापी कितावमा उक्त व्यहोरा उल्लेख नगरी | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ। गाँउपालिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो। तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने देखिन्छ। तसर्थ नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याइनु पर्दछ। | |
| ११.१२. | **आयोजना हस्तान्तरण :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन। जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ। | |
| १२. | **गाडी खरिद :** गाँउपालिकाले यसवर्ष गाडी खरिदका लागि रु.५० लाख विनियोजन गरेकोमा हेभीइक्यूपमेन्ट डिबिजन रुपन्देहीको मेकानिकल इन्जिनियरबाट विनियोजित वजेट अनुसारको लागत अनुमान तयार गरी बुटवलबाट प्रकाशित मेचीकाली राष्ट्रिय दैनिमा बोलपत्र सूचना प्रकाशन भएकोमा सुसेली अटो कन्सर्न बुटवलबाट परेको एकमात्र बोलपत्रबाट फोरह्वीलर स्कारपियो जीप रु.४९ लाख ६० हजारमा खरिद गरेकोमा पुनः (भौनं.११७ मिति २०७५/०२/११ बाट आन्तरिक सजावटमा समेत रु.१,९३,७९५/- खर्च गरेको छ। एकमात्र बोलपत्र परेको कारण खरिदमा प्रतिस्पर्धा भएको भन्न सकिने अवस्था देखिएन। बोलपत्रमा उल्लेखित Technical specification को २१ औ बुँदामा १ वर्ष वारेन्टी रहेको अवस्थामा गाँउपालिकाबाट भुक्तानीमा धरौटी कट्टा गरेको देखिएन। सम्झौता अनुसार बारेन्टी अवधिसम्मको कार्य सम्पादन जमानत वा धरौटी कट्टा गरी वारेन्टी सुनिश्चित गर्नुपर्नेमा सो गरेको देखिएन। वारेन्टी अवधिसम्म आपूर्तिकर्तालाई जिम्मेवार बनाइनु पर्दछ। | |
| १३. | **संझौता भन्दा बढी भुक्तानी :** गाँउपालिकाले निर्माण उपभोक्तासंग २०७४/१२/२९ मा भएको संझौता अनुसार रु.८,००,५४४/- मा नव जागृति नि.मा.वि.को भवन निर्माण गर्नुपर्ने र सो मध्य गाँउपालिकाबाट रु.७,००,०००/- व्यहोरिने उल्लेख भएकोमा प्राविधिकको नाँप अनुसार कुल रु.७,५०,६४७/- मात्रको कार्य भएकोमा सम्झौता अनुसार सहभागीको योगदान कट्टागरी भुक्तानी गर्नुपर्नेमा पूरा रकम भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको असुल हुनुपर्ने रु... | ९४,२८१/- |
| १४. | **पम्पसेट वितरण :** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजन अन्तर्गत रु.१७ लाखको कार्यक्रमबाट १२ थान डिजेल पम्प खरिद गरी सिद्धार्थ धान ब्लक समितिलाई बितरण गरेको छ। निशुल्क वितरण गरिएको उक्त मेशिनहरु किसानबाट प्रभावकारी उपयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरी खर्च सदुपयोग गर्नुपर्दछ। | |
| १५. | **बढी भुक्तानी :** गाँउपालिकाको वडा नं.८ मा पक्की बाटो निर्माण उपभोक्ता समितिलाई कार्यसम्पन्न मूल्याङ्कनका आधारमा सहभागिता अंश कट्टा गरी रु.२३,८४,४७०।४१ भुक्तानी गर्नुपर्नेमा वजेट अनुसार रु.२५,००,०००।- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.१,१५,५२९।५९ असुल गर्नुपर्ने रु. | १,१५,५२९/५९ |
| १६. | **बिरुवा उत्पादन :** गाँउपालिकाले बृक्षरोपण कार्यक्रम अन्तर्गत मसला, कालो सिरिस, अर्जुना लगायत बिरुवा उत्पादनका लागि सहायक वन अधिकृत श्री भगवान सिंहलाई रु.३,००,०००/- उपलब्ध गराएकोमा नर्सरीमा बिरुवा उत्पादन गराउनका लागि भएको खर्चको बिल भरपाई पेश गरेको छ। कार्यालयले उक्त रकम वडा नं. ५ र ८ मा बढी र अन्य वडाहरुमा कम बृक्षरोपण गरी खर्च गरेको जवाफ दिएको छ। | |
| १७. | **अधुरो निर्माण :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न गरिसकेपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले कार्यक्रम स्वीकृत गर्दा बहुवार्षिय लागत व्यहोर्नपर्नेगरी वजेट व्यवस्था गरेको निम्न उदाहरणबाट देखिएको छ। लागत अनुमान एकमुष्ठ नगरी वजेट अनुसार गर्ने र सो अनुसारको कार्य सम्पन्न गरी निर्माण गर्ने गरेको देखिन्छ। यसरी थोरै वजेट विनियोजन गर्दा सालवसाली वजेट व्यवस्थापन गर्नुपर्ने, खर्च नियमित हुने, समयमा निर्माण सम्पन्न नहुने, प्रत्येक वर्ष गरेको खर्चको आधारमा प्रत्येक वर्ष कार्यसम्पन्न प्रतिवेदन तयार | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>गरेबाट निर्माण कार्यको एकमुष्ठ लागत नदेखिने, नाँपजाचमा दोहोरो हुनसक्ने लगायत जोखिम देखिएकोले पटके आयोजनाहरुलाई नियन्त्रण गरी क्रम निर्धारण गरी वजेट एकीकृतरुपमा खर्च गर्ने व्यवस्था हुनुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>आयोजनाको नाम</th><th>वजेट खर्च</th><th>कामको विवरण</th></tr>
<tr><td>१</td><td>तिनाउ आधारभूत मा.बि. भवन</td><td>५,००,०००/-</td><td>छत ढलान, वाल प्लाष्टर र मिष्कट खरिद समेत</td></tr>
<tr><td>२</td><td>जनता आधारभूत विद्यालय</td><td>१०,००,०००/-</td><td>१ तला छत ढलान</td></tr>
<tr><td>३</td><td>उद्यमी सामुदायिक भवन निर्माण</td><td>४,००,०००/-</td><td>नया भवन निर्माण शुरुवात</td></tr>
<tr><td>४</td><td>गोनाहा सामुदायिक भवन निर्माण</td><td>५,००,०००/-</td><td>नया भवन निर्माण शुरुवात</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८.</td><td>वित्तीय समानीकरण (चालु):भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ अनुसार सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालयभन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारीले बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटिई जाने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च र दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्चबापत पाउने व्यवस्था छ । निम्न कर्मचारीहरुले आफ्नै कार्यक्षेत्रभित्र कार्यालयको सवारी साधन प्रयोग गरी भ्रमण गर्दा भुक्तानी गरेको दैनिक भत्ता असूल हुनुपर्ने रु.
<table>
<tr><th>कर्मचारीको पद, नाम</th><th>भ्रमण स्थान</th><th>भ्रमण अवधि</th><th>लिएको दै.भत्ता</th><th>पाउने खाजा खर्च</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>वि.नि. लक्ष्मण प्र.ज्ञवाली</td><td>विद्यालय अनुगमन</td><td>२०७४।९।३–९।९</td><td>१०,०००।-</td><td>२,८००।-</td><td>७,२००।-</td></tr>
<tr><td>ले.पा. शिवलाल अर्याल</td><td>वडा कार्यालय अनुगमन</td><td>२०७४।९।३–९।९</td><td>७,५००।-</td><td>२,१००।-</td><td>५,४००।-</td></tr>
</table></td><td>१२,६००/-</td></tr>
<tr><td>१९.</td><td>दाखिला तथा मौज्दात : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार खरिदको आवश्यकता पहिचान गरी तोकिए अनुसार सामान खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । गाँउपालिकाको पशु शाखाबाट औषधि उपकरणका लागि विनियोजन भएको रु.५ लाख वजेट व्यवस्था भएकोमा वजेट अनुसारको परिमाण मिलाई खनाल एग्रोभेट, बुटवलबाट रु.४,९९,३७९/- को विभिन्न औषधि उपकरण खरिद गरेकोमा आर्थिक वर्ष समाप्त भई लेखापरीक्षण अवधि सम्मपनि Matemar, CTC Liquid लगायत बढी खपत हुन औषधिहरु समेत मौज्दात रहेको पाइयो । त्यसैगरी सशर्ततर्फको रु.३ लाख ५० हजार विनियोजन भएकोमा उषाभेट फर्मा, बुटवलबाट रु.३,४९,०००/- को Zeet inj., Asical, LFT लगायतका विभिन्न १६ प्रकारका औषधिहरु खरिद गरेको छ । उक्त औषधिहरु गाँउपालिकामा दाखिला नगरी सम्बन्धित शाखाले नै दाखिला गरी बितरण गर्ने गरेको छ । पालिकाको मूल जिन्सी खातामा दाखिला गरेर मागफारम भरी औषधि निकासा लिई सहायक खातामा आम्दानी जनाई आवशयकताका आधारमा वितरण भएको प्रमाण संलग्न गरी आम्दानी तथा वितरण प्रणाली व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०.</td><td><u>स्थानीय स्वयत्त शासन तथा सामुदायिक विकास कार्यक्रम</u><br>पोशाक भत्ता : गाँउपालिका र सूचना प्रविधि अधिकृतसंग २०७४/०९/२६ मा गरेको सम्झौता अनुसार मासिक तलव भत्ता लगायत सुबिधा तोकिएकोमा पोशाक भत्ता उल्लेख नगरेको अवस्थामा निजामती कर्मचारी सरह पोशाक भत्ता उपलव्ध गराएको देखिएकोले सम्झौता भन्दा बढी भुक्तानी गरेको रु.</td><td>७,५००/-</td></tr>
<tr><td>२१.</td><td><u>वित्तीय समानीकरण (चालु)</u><br>पोशाक भत्ता : प्रदेश नं.५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मिति २०७५।२।२८ प्रमाणीकरण भई सोही मितिमा प्रदेश राजपत्रमा प्रकाशित भएको र सो ऐनको दफा ३ ले स्थानीय तहका पदाधिकारी तथा सदस्यले आफू निर्वाचित भएको मितिदेखि ऐनले तोकेको मासिक सुविधा पाउने उल्लेख गरेको छ । सोही ऐनको दफा १३ ले स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनमा निर्धारित सुविधा बाहेक अन्य सुविधा लिन नहुने व्यवस्था गरेको छ । २०७४ फाल्गुनमा भएको दोस्रो गाउँसभाको बैठकले गाउँकार्यपालिकाका सदस्यले आफ्नो छुट्टै पहिचानको लागि कर्मचारी सरह पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरी कार्यपालिका तथा गाउँसभाका सदस्यलाई रु.७,५००।- का दरले १ प्रतिशत कर कटाई उपलब्ध गराएको पोशाक भत्ता रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>पदाधिकारी</th><th>संख्या</th><th>पोशाक भत्ता रकम</th></tr>
<tr><td>४७/२०७४।१२।३०</td><td>गाउँ कार्यपालिका पदाधिकारी</td><td>१६ जना</td><td>१,२०,०००।-</td></tr>
<tr><td>४७/२०७५।३।८</td><td>गाउँसभाका सदस्यहरु</td><td>२८ जना</td><td>२,१०,०००।-</td></tr>
</table></td><td>३,३०,०००/-</td></tr>
<tr><td>२२.</td><td>भौ.न.१३२ मिति २०७५।०३।२२ बाट सिद्धार्थ इंजिनियरीङ ईलाका प्रहरी कार्यालय बेथरीको नाममा जारी गरेको मिति २०७५।०३।२०को वि.न.१०१ को रकम रु.३८,८८२। र</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | २०७४।११।२३मा बज्रयोगिनी ट्रेड कन्सर्नले जिल्ला प्रसासन कार्यालयको नाममा जारी विजक न.७४४को रकम रु.२५,१४८। र बिजक न.७४५बाट रु.५९३२।५० गरी जम्मा रु.६९,९६२।५० अन्य कार्यलायको नाममा जारी भएको विल भुक्तानी गर्न नमिल्ने रु. | ६९,९६२/५० |
| २३. | भौ.न.१४२ मिति २०७५।०३।२६ बाट गाउंसभाको बैठकमा मिति २०७५।०३।०८, २०७५।०३।०९, २०७५।०३।१०, २०७५।०३।१५, २०७५।०३।१६, पांच दिन उपस्थित भएबापत ५३ जना कर्मचारीलाई प्रति बैठक रु.१,०००। का दरले रु.२,५७,०००। भत्ता भुक्तानी भएको छ । | |
| २४. | **सीमाक्षेत्र विकास कार्यक्रम**<br>**निर्माण कार्यको गुणस्तर**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले सिमाक्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत पिपरहवा सडक(वडा नं.६, भन्सारदेखि बोर्डरसम्म) को लागत अनुमान भएकोमा रु.३२,८५,०१८/५४ उपभोक्ता समितिबाट रु.१,७८,०१८/- व्यहोर्ने सम्झौता भएकोमा निर्धारित समयमा सडक कालोपत्रे कार्यसम्पन्न भएको पाइयो । सडकको लागत अनुमान तयार गर्दा ह्युम पाइप खरिद तथा ढुवानी भाडा एवं फिटिङ्ग ज्याला समेत उल्लेख गरेकोमा सो निर्माण कार्यको गुणस्तर परीक्षण खर्च उल्लेख गरेको देखिएन । कुल रु.२८,१४,१६६/४० खर्च भएको उक्त सडक कालोपत्रे गर्ने प्राविधिक कार्यको गुणस्तर परीक्षण व्यवस्था नहुँदा सम्पन्न निर्माण कार्यको गुणस्तर यकिन भएन । उपभोक्तासंग भएको सम्झौताको बुँदा नं.६ मा आयोजना निर्माण भएको सडकको मरमत सम्भारको व्यवस्था समेत गरी उपभोक्तालाई हस्तान्तरण गर्नुपर्ने व्हिोरा उल्लेख गरेकोमा सो दायित्व समेत यकिन गरी सम्बन्धित उपभोक्तालाई जिम्मेवार बनाएको नदेखिएकोले निर्माण कार्य दीगो र प्रभावकारी बनाउन गाँउपालिकाको ध्यान जानुपर्दछ । | |
| २५. | **स्वास्थ्य तर्फ**<br>**तलबी प्रतिवेदन :** स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क(५) मा स्वास्थ्य सेवाका कर्मचारीले जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलव प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्नेमा गाँउपालिकाले स्वास्थ्य संयोजक समेत ४ वटा स्वास्थ्य संस्थामा कार्यरत २४ कर्मचारीको रु.९६,०६,५९१/- तलव खर्च लेखेकामा ऐनको उक्त व्यवस्था अनुसार तलव प्रतिवेदन पारित गरेको छैन । जिल्ला जनस्वास्थय कार्यालयले पठाएको स्थायी कर्मचारीको दरबन्दी विवरण अनुसार खर्च लेखेको तलव ग्रेड भिडान गर्ने आधार नभएकोले तलव खर्च यकिन गर्ने आधार भएन । नियमानुसार तलव पारित गरेरमात्र खर्च लेख्ने व्यवस्था हुनुपर्दछ । | |
| २६. | **औषधी खरिद :** स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७४ को दफा २३ मा औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्ने, दफा २५ मा स्थानीय स्वास्थ्य संस्थाले माग गरेबमोजिम २० प्रतिशत नबढाई चौमासिक खरिद गर्नुपर्ने, गाँउपालिकाले खरिद गरेको स्वास्थ्य उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ता भित्र सार्वजनिक गर्नुपर्ने र सम्बन्धित स्वास्थ्य संस्थाले त्रैमासिकरुपमा यस प्रकारको सार्वजनिकरण गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष स्वास्थ्य सेवा बिभागबाट आपूर्ति गरिएको औषधि उपकरण बाहेक एकीकृत स्वास्थ्य सशर्त अनुदानबाट रु.६ लाख ७० हजार समेत कुल रु.२६ लाख ११ हजारको औषधि एवं स्वास्थ्य उपकरण खरिदमा खर्च गरेकोमा नियमको उक्त व्यवस्स्था पालना भएको देखिएन । तोकिएको वजेटमा आधारित भई तयार भएको औषधिको परिमाण र दर अनुसारको लागत अनुमान तयार गरेको रकमा प्रतिस्पर्धा गराउदा वचत हुन गएको रकमबाट पुनः औषधि खरिद गरेको देखिंदा औषधिको माग र आपूर्ति सन्तुलित नरहेको देखिएबाट औषधि खरिद गर्दा स्थानीय स्वास्थ्य संस्थाहरुको मागको आधारमा परिमाण यकिन गर्नुपर्नेमा विनियोजित रकम बराबरको औषधि उपकरण खरिद गरेको देखिन्छ । उक्त औषधिहरुको वितरण प्रक्रिया प्रभावकारी भए नभएको, औषधीको पर्याप्तता अवस्था, औषधिको पहुँच एवं पारदर्शिता सम्बन्धमा गाँउपालिकाले ध्यान पुग्न सकेको देखिएन । औषधिको वार्षिक खरिद योजना तयार गरी तोकिएको प्रक्रिया पूरा गरी लागत अनुमान एवं परिमाण यकिन गरेर प्रतिस्पर्धाका माध्यमबाट औषधि खरिद गरी वितरण प्रणालीमा सुधार गर्नुपर्दछ । | |
| २७. | **औषधि वितरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको बिलभरपाई एवं त्यसलाई पुष्ट्याई गर्ने पूर्ण प्रमाण सहित लेखा राख्नुपर्ने व्यवस्था छ । खरिद गरिएका औषधिहरु | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गाँउपालिका अन्तर्गतका ४ वटा स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गर्ने गरेको छ । यसरी वितरण गरेको औषधि स्वास्थ्य चौकीको जिन्सी खातामा दाखिला गर्ने गाँउपालिकाको भनाई रहेको छ । स्वास्थ्य चौकीहरुले पनि जिन्सीबाट पुनः वितरणकक्षमा निकासा गरेको आधारमा औषधि खर्च जनाउने गरेको देखिन्छ । वितरणकक्षबाट खपत भएको औषधि भेरिफिकेशन गर्ने पद्धति अवलम्बन गरेको छैन । बिरामीहरुका लागि बितरित निःशुल्क औषधिहरु खरिदका अनुपातमा कस्लाई कस्तो प्रकारको औषधि बितरण गरिएको सोको व्यवस्थित अभिलेख राखी बितरण प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाई औषधि बितरण प्रणालीको अभिलेख व्यबस्थापनमा सुधार हुनुपर्दछ । | |
| २८. | **न्यानो झोला खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार खरिदको आवश्यकता पहचिना गरी तोकिए अनुसार सामान खरिद गर्नुपर्नेमा आमा सुरक्षा कार्यक्रम अन्तर्गत गाँउपालिकालेमेरीगोल्ड रेडिमेड कलेक्सनबाट रु.३,०९,२२५/-(मूल्य अभिबृद्धि कर समेत) न्यानो झोला खरिद गरी भुक्तानी गरेकोमा यस आर्थिक वर्षमा खपत नभई मौज्दात राखेको पाइयो । गाँउपालिकामा बर्थिङ्ग सेन्टर स्थापना गर्ने उद्धेश्यले वजेट विनियोजन भएको तर केन्द्रका स्थापना गर्न नसकेकोले सामानमात्र खरिद गरी राखेको, आर्थिक वर्ष २०७५/७६ मा बर्थिङ्ग केन्द्रको स्थापना गरिएकोले सो सामान खपत गरिने गाँउपालिकाले जनाएको छ । बर्थिङ्गकेन्द्रमा जन्मिएका शिशुहरुलाई बितरण गरिने सामान वजेट फ्रिज नगर्ने उद्धेश्यले अन्य पूर्वाधार तयार नभई सकेको अवस्थामा खरिद गरी मौज्दात राखेको नियम सम्मत देखिएन । आवश्यकता यकिन गरी सो अनुसार खरिद गर्ने पद्धति अबलम्वन गर्नुपर्दछ । | |
| २९. | **पेश्की व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(१) अनुसार पेश्की माग गर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने र उपनियम ३ अनुसार समयमा बिल भरपाई पेश गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्वास्थ्यतर्फको कार्यक्रम पेश्की लिंदा स्वीकृत कार्यक्रममा उल्लेख भएको वजेट रकम एकैपटक विभिन्न कार्यक्रमको पेश्की माग गर्ने, एकमुष्ठ लिएको पेश्की पटक पटक गरी फछ्र्यौट गर्ने, फछ्र्यौट गर्दा खर्चको तेरिज नबनाई पेश गर्ने, सशर्त, समानीकरण तथा अन्य शीर्षकबाट समेत एकै प्रकृतिको कार्यक्रम स्वीकृत भएकोमा एकमुष्ठ पेश्की लिई कार्यक्रम संचालन गरेको नियम सम्मत देखिएन । एक पटकमा विभिन्न कार्यक्रम संचालन गर्नका लागि एकमुष्ठ पेश्की लिने कार्यलाई बन्द गरी आवश्यकता अनुसार एक कार्यसम्पन्न गरी सो फाछ्र्यौट गरेपछि मात्र अन्य कार्यक्रमको लागि पेश्की दिने व्यवस्था गरी पेश्की व्यवस्थापनमा सुधार हुनुपर्दछ । | |
| ३०. | **आयुर्वेद सशर्त**<br>**आयुर्वेद औषधि खपत :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको बिलभरपाई एवं त्यसलाई पुष्ट्याई गर्ने पूर्ण प्रमाण सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यसवर्ष आयुर्वेद स्वास्थ्य सेवा वितरणका लागि जनता आयुर्वेद औषधी पशलबाटशसर्त अनुदान तर्फको रु.२ लाख र कोटेशन मार्फत सिद्धिगणेश आयुर्वेद सप्लायर्सबाटसमानिकरण तर्फको रु.६,६७,९३४/- खरिद गरी रु.९,६७,९३४/- आयुर्वेदिक औषधीहरु खरिद गरेकोमा नियमको उक्त व्यवस्था बमोजिम औषधीको प्रकार र वितरणका विवरण तयार गर्ने गरेको देखिएन । वितरित औषधीहरुको व्यवस्थित अभिलेख राखेको नपाईएको औषधी बितरण प्रणालीमा भएको खर्चप्रति आश्वस्त हुने आधार देखिएन । औषधी खपत एवं बितरण प्रणालीकोअभिलेख व्यबस्थापनमा सुधार हुनुपर्दछ । | |
| ३१. | **सशर्त अनुदान शिक्षातर्फ**<br>**शिक्षकको अभिलेख :**शिक्षा नियमाबली, २०५९ को परिच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति बा बढुबाको लागि सिफारिश भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यबस्था रहेको छ । जिल्ला शिक्षा कार्यालयले नियमाबलीमा व्यवस्था भएबमोजिमको शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण तयार गर्नुपर्ने हुन्छ । बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७४।०७५ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरी सोही अनुसार खर्च लेख्नुपर्ने व्यबस्था रहेको छ । गाँउपालीकाले सो अनुसार विवरण तयार गर्ने गरेको छैन । अभिलेख नराखिँदा शिक्षकहरुको तलव दोहोरो निकासा हुन सक्ने, दरबन्दी अनुसार पदपुर्ति नहुने, शिक्षक बिद्यार्थी अनुपात | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | मिलान गर्न कठिनाई हुने तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमाबलीको परिपालना गरी शिक्षकको अभिलेखव्यवस्थित रुपले राख्नुपर्दछ । | |
| ३१.१. | **तलबी प्रतिबेदनः**बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७४।०७५ को खण्ड १मा उल्लेख भए अनुसार शिक्षक तलब भत्ता सम्बन्धी जानकारीमा आधारभूत तथा माध्यमिक शिक्षकका लागि तलब भत्ताको व्यवस्थापन सम्बन्धमा उल्लेख छ । जसअनुसार स्रोतव्यक्तिको सिफारशि अनुसार स्थानीय तहले सम्बन्धित बिद्यालयको बैक खातामा मासिकरुपमा तलब भत्ता बापतको रकम निकासा दिनुपर्ने छ साथै स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरी सोही अनुसार बिद्यालयबाट प्राप्त माग फारम रुजु गरी निकासा गर्नुपर्ने व्यबस्था मिलाउनुपर्ने, शिक्षकको तलबी प्रतिबेदन साबिक अनुसार नै बिद्यालय शिक्षक किताबखानाबाट पारित गरी प्राप्त तबली प्रतिबेदनका आधारमा मात्र निकाशा दिनुपर्ने उल्लेख छ । गाँउपालिकाले आधारभूततर्फ तथा माध्यमिक तहका बिद्यालयहरुतर्फ शिक्षकहरुको लागि तलब भत्ता उपलब्ध गराउँदा गाँउपालिकामा कायम बिद्यालयहरु उल्लेख गरी तलबी प्रतिबेदन पारित नगरी खर्च लेखेको छ । जसले गर्दा शिक्षकहरुको तलब तथा ग्रेड यकिन गर्न सकिएन । गाँउपालिका भित्रपर्ने बिद्यालय सँख्या स्पष्ट किटान गरी तलबी प्रतिबेदन सँलग्न गरी मात्र तलब खर्च लेख्नुपर्दछ ।<br>परिवर्तित सन्दर्भमा स्रोत गाँउपालिकामा स्रोतव्यक्तिको पदपूर्ति नभएकोले श्रोतव्यक्तिको सिफारिश बेगर बिद्यालयको माग फारामका आधारमा चौमासिक खर्च लेखेकोले अनिबार्यरुपमा श्रोतव्यक्तिको सिफारिशतथा बिद्यालयगत निकासाको अभिलेख समते राखी मागफारमहरु व्यबस्थित गरी खर्च लेख्नुपर्दछ । | |
| ३१.२. | **विद्यालयको लेखापरीक्षण :** स्थानीय शिक्षा ऐन, २०७४ को दफा ४८ मा सबै बिद्यालयहरुले नियमितरुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाँउपालिकाले तोकेको रजिष्टर्ड लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । गाँउपालिकामा सञ्चालित २० विद्यालयमा हालसम्म लेखापरीक्षक नियुक्ति हुन सकेको देखिएन । साथै उपदफा ३ मा उल्लेखित सामाजिक परीक्षण परीक्षण कुनै पनि बिद्यालयले गरेको देखिएन । बिद्यालयको आयव्यय, शैक्षिक उपलब्धि, आन्तरिक गतिविधि लगायत पारदर्शिता जवाफदेहिताको अवस्था यकिन गर्ने यस्ता औजारहरुको पद्धतिमूलक कार्यान्वयन नगर्दा गाँउपालिको अपेक्षित उपलब्धिमा समेत असरपर्ने देखिएकोले तोकिएको समयमा लेखापरीक्षण तथा सामाजिक परीक्षणमा जोड दिनुपर्दछ । | |
| ३१.३. | लेखापरीक्षणका क्रममा सुण्डि मा.वि.को निकासा दिंदा शिक्षक संजित दुवेको नामबाट प्रथम चौमासिक भएको देखिदैन, तर दोस्रो चौमासिक निकासा दिदा शिक्षक संजित दुवेको नामबाट रु.८३,४१२। निकासा भएको छ तेस्रो चौमासिक निकासा दिदां सोही क्रमलाई निरन्तरा दिदै रु.९६,६८०। र पोशाक भत्ता रु.७,५००। बढी निकासा भएको देखिन्छ । शिक्षक संजित दुवे अन्यत्र विद्यालयवाट सरुवा भई आएको रवाना पत्र नभएको प्रथम चौमासिक माग फारममा निजको तलवी माग फारम समेत देखिदैन ।उक्त रकम बढि निकासा भएको देखिएकोले कार्यालयले यकिन गरी बढी निकासा रकम असुल गर्ने रु. | १,८७,५९२/- |
| ३१.४. | लुक्टहवा मा.वि.को तेस्रो चौमासिक निकासा माग फारम अनुसार ६ जना शिक्षकको तलव रु.७,२७,२८५।माग भएकोमा रु.७,५१,७८५।निकासा भएको छ । माग भन्दा बढी रु.२४,५००। प्रथम तथा दोस्रो चौमासिक निकासा माग गर्दा शिक्षक जंगबहादुर गुप्ताको नाममा समेत माग फाराम भरी रु.७,१९,८४९।४० माग भएकोमा शिक्षकको तलव शीर्षकमा रु.७,९२,०२१।निकासा भएको छ ।निज जंगबहादुर गुप्ता अन्यत्रबाट सरुवा भई आएको समेत केही प्रमाण नभएको तथा नया नियुक्ति भएको समेत केही देखिदैन । सातजना शिक्षकको नाममा रु.७,१९,८४९।४० माग भएकोमा रु.७,९२,०२१ । निकासा भएको देखिन्छ । प्रथम तथा दोस्रो चौमासिक निकासा मांग गर्दा जंगबहादुर गुप्ताको नाममा माग नभएको तर तेस्रो चौमासिक निकासा दिंदा बढी निकासा भएको रकम रु.१,२४,५६४।समेत जम्मा रु.१,९६,७३६।७० र पोशाक भत्ता रु.७,५००। गरी जम्मा रु.२,०४,२३६।७० असुल हुनुपर्नेरु. | २,०४,२३६/७० |
| ३१.५. | पाठ्यपुस्तक शीर्षकमा हाजिऐनाहतुल्लाह मा.वि.को प्रथम फ्लयास रिपोर्ट अनुसार ४६९ जना | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | बिद्यार्थी देखिन्छ । दोस्रो रिपोर्ट अनुसार कक्षा १ देखि १० कक्षा सम्मका विद्यार्थी ४७४ जना देखिन्छ । प्रथम पटक निकासा दिंदाको रकमले पाठ्यपुस्तकको रकम पुग्ने देखिन्छ ।दोस्रो फ्ल्यास रिपोर्ट अनुसार रु.२८,०८९। माग भएको र सोही अनुसार निकासा भएको देखिन्छ । पांचजना बिद्यार्थीको बाहेकको रकम फिर्ता गर्नुपर्ने देखिन्छ । हाजिऐनतुल्ला मा.वि.मा दोस्रो चौमासिक तवल निकासा दिंदा जम्मा रु.२५,४१,१८२।४० निकासा हुनुपर्नेमा रु.२५,६५,१८२।६० निकासा भएको देखिएकोले रु.२३,४९९।८० बढी निकासा भएको देखियो । उक्तनिकासा रकम कार्यालयले यकिन गरी बढी निकासा भएको रकम सम्वन्धित बिद्यालयबाट असुल हुनुपर्ने रु. | २८,०८९/- |
| ३१.६. | मिति २०७५।०३।२६को गो.भौ.न.०९ बाट सशर्त अनुदान शीर्षक अर्न्तगत दुर्गा सामुदायिक अध्ययन केन्द्र धमौलीको लागि निम्न सामग्री खरिद गरी हस्तान्तरणबाट पठाएको तर सो अध्ययन केन्द्रको स्टोर दाखिला गरे नगरेको केही अभिलेख प्राप्त भएन । निम्न बमोजिमका सामान उक्त अध्ययन केन्द्रको स्टोर दाखिला गरेको प्रमाण पेश गरी खर्च नियमित गर्नुपर्ने रु.<br>**क.स. सामानको विवरण परिमाण रकम रु.**<br>१) डेल डैक्सटप कम्प्युटर १ ६४,५००।<br>२) इप्सनको प्रोजेक्टर १ ५७,९९९।५१<br>३) केनन प्रिन्टर १ २९,४९९।७८<br>४) अफिस रिभल्भिङ चेयर १ १२,९५०।<br>५) अफिस टेबुल १ १४,०१२।<br>**जम्मा रु. १,७८,९६१।२९** | १,७८,९६१/२९ |
| ३१.७. | विद्यालयका बिद्यार्थी संख्या र पुस्तकको मूल्य सूची उपलब्ध नभएका कारणले पाठ्यपुस्तक तथा छात्रबृत्तिको रकम यकिन हुन सकेन । साविक जिल्ला शिक्षाकार्यालय अर्न्तगत रहेका स्थयी शिक्षक अस्थाई शिक्षक तथा राहत कोटामा अध्यापन गरेका शिक्षक कर्मचारीको विवरण अवकास प्राप्त शिक्षकको विवरण,सरुवा तथा बढुवा हुने शिक्षकहरुको अभिलेख अद्यावधिक नभएको हुनाले निकास यही नै हुनुपर्ने भनी भन्न सकिने अवस्था रहेन । | |
| ३२. | **सामाजिक सुरक्षा भत्तातर्फः** | |
| ३२.१. | सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि,२०७२ को दफा (९) मा गाउंपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको अनुसूची ५ बमोजिमको मुल अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ भन्ने उल्लेख छ । तर लेखापरीक्षण समयमा लाभग्राहीको फोटो सहितको नाम नामेसी भएको लगत किताव माग गर्दा पेश हुन आएन, उक्त लाभग्राहीको नाम नामेसी सहित वार्षिक तथा अर्धवार्षिकरुपमा नविकरण गरी मृत्यु भएका, बसाई सरिगएका, एकल वा विधवा महिलाले विवाह गरेमा, वालवालिकाको हकमा उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा र अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यबस्था भएकोमा यस वर्ष उक्त उल्लेखित बुंदा अनुसारका काम कारवाही भै के कति को लगत कट्टा तथा थप गरी अभिलेख व्यबस्थित गरियो सो सम्बन्धमा कुनै पनि प्रमाण पेश हुन आएकोले वास्तविक लाभग्राहीले रकम प्राप्त गरेको छ छैन यकिन गर्न सकिएन । | |
| ३२.२. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को परिच्छेद ४ को १.५ भत्तामा यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखेको भएतापनि मन्त्रालयको स्वीकृत विना हातहातै नगद वितरण गर्न पाइने छैन भन्ने उल्लेख छ । कार्यालयले पहिलो चौमासिक देखि तेश्रो चौमासिकसम्मै नगदै वितरण गरेको छ । | |

| वडा नं. | पेश्की लिनेको नाम | पेश्की लिएको | | फछ्र्यौट | | फिर्ता |
|---|---|---|---|---|---|---|
| | | मिति | रकम | मिति | रकम | |
| १ | राम किसुन दुसाध | २०७४।६।३१ | २२,०६,४००।- | २०७४।१०।२२ | २१,८१,४००।- | २५,०००।- |
| | | २०७४।१२।१२ | २२,९६,८००।- | २०७५।३।३२ | २४,९६,८००।- | २३,०००।- |
| | | २०७५।३।१२ | २२,७०,०००।- | २०७५।३।३२ | २१,८५,२००।- | ११,६००।- |
| | | २०७५।३।२१ | २,५०,०००।- | २०७५।३।३२ | | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | लक्ष्मी पौड्याल | २०७४।७।१३ | २२,८१,६००।- | २०७४।११।३ | १९,४५,६००।- | ३,३६,०००।- |
| | | २०७४।१२।०७ | २५,१९,६००।- | २०७५।२।२२ | २१,४८,६००।- | ३,७१,०००।- |
| | | २०७५।३।६ | २५,००,०००।- | २०७५।३।३२ | २०,३५,२००।- | ४,६४,८००।- |
| ३ | विजय नारायण पाण्डे | २०७४।७।१३ | २५,०४,०००।- | २०७४।१०।२८ | २१,७६,८००।- | ३,३७,२००।- |
| | | २०७४।१२।१२ | २५,४६,०००।- | २०७५।२।१० | २३,०१,६००।- | २,४४,४००।- |
| | | २०७५।२।२२ | २३,००,०००।- | २०७५।३।३२ | २२,९८,४००।- | ४६,६००।- |
| ४ | रिन्कु हरिजन | २०७४।७।१३ | १५,१६,०००।- | २०७४।१०।२४ | १२,४०,०००।- | २,७६,०००।- |
| | | २०७४।१२।१८ | १६,४८,४००।- | २०७५।३।१२ | १२,५९,२००।- | ३,८९,२००।- |
| | | २०७५।३।१८ | १६,५०,०००।- | २०७५।३।३२ | १३,३५,२००।- | ३,१४,८००।- |
| ५ | छविलाल गुप्ता | २०७४।७।१३ | २३,७३,६००।- | २०७४।१०।२२ | २१,४४,०००।- | २,२९,६००।- |
| | | २०७४।१२।७ | २४,८४,६००।- | २०७५।२।२४ | २३,५९,६००।- | १,२५,०००।- |
| | | २०७५।२।२४ | २३,५९,६००।- | २०७५।३।३२ | २१,८१,६००।- | १,७८,०००।- |
| ६ | लिला कुमारी गुरुङ | २०७४।७।१३ | २४,१७,६००।- | २०७४।१०।२२ | २१,२३,६००।- | २,९४,०००।- |
| | | २०७५।२।२४ | २४,४५,०००।- | २०७५।३।३२ | १९,६१,२००।- | ४,८३,८००।- |
| | विजय कुमार यादव | २०७४।१२।१५ | २४,४५,०००।- | २०७५।३।३२ | २१,६१,६००।- | २,८३,४००।- |
| ७ | सुखराम गुप्ता | २०७४।६।३१ | १६,८४,८००।- | २०७४।११।१६ | १६,१६,८००।- | ६८,०००।- |
| | | २०७४।१२।८ | १६,८७,६००।- | २०७५।३।१२ | १६,६५,६००।- | ५२,०००।- |
| | | २०७५।३।१२ | १६,५१,६००।- | २०७५।३।३२ | १५,७७,२००।- | ७४,४००।- |
| ८ | विष्णु यादव | २०७४।६।३२ | १३,६०,८००।- | २०७४।१०।२४ | १३,२४,८००।- | ३६,०००।- |
| | | २०७४।११।२० | १३,५०,४००।- | २०७५।२।२४ | १३,७९,६००।- | २८,०००।- |
| | खिम प्र.पाण्डे | २०७५।२।२२ | १४,०७,६००।- | २०७५।३।३२ | १३,३२,६००।- | ७५,०००।- |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | यस सम्बन्धमा सबै वडाको माग अनुसार नगद बितरण गरिएको र २०७५।७६ देखि पूरै रकम बैंक मार्फत भुक्तानी गरेको गाउँपालिकाले जवाफ दिएको छ । | |
| ३२.३. | **जेष्ठ नागरिक अशक्त  अपाँग, लोपोन्मुख जाति तथा एकल महिला सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२, बमोजिम यो वर्ष रु ५.करोड७० लाख २८ हजार खर्च गरेको देखियो । लेखापरीक्षणको क्रममा  भत्ता पाउनेको स्रेस्ता पेश भएकोमध्ये  २ बटा वडाहरु ३ र ४ नं छनौटगरी परीक्षण गरिएको छ । स्थानीय निकायले सामाजिक सुरक्षा भत्ता व्यबस्थापन कार्यबिधि अनुरुप लाभग्राहीको फोटोसहितको अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यबस्था रहेको छ । गाँउपालिकाले उपलब्ध गराएको  MISबिबरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । सो सम्बन्धमा लेखापरीक्षणबाट व्यहोरा देहायबमोजिम रहेका छन्: | |
| ३२.४. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको दफा २९ मा गाँउपालिका/नगरपालिकाले आफ्नो क्षेत्र भित्र वितरण गरिएको भत्ता चौमासिक/बार्षिक विवरण अध्यावधिक गरी अनुसूची ८ बमोजिमको ढाँचामा  स्थानिय बडाले गाँउपालिका/ नगरपालिकामा पठाउनुपर्ने व्यवस्था छ। यस कार्यालयमा उक्त विवरण तयार गरिएको  देखिएन । कार्यविधिमा भएको व्यवस्थाको कार्यन्वयन भएको पाईएन । विवरण तयार नहुँदा विवरण अध्यावधिक नहुने र आन्तिरिक नियन्त्रणमा असर पर्ने देखिन्छ । कार्यविधिमा भएको व्यवस्थाको कार्यान्वयन हुनु पर्दछ । | |
| ३२.५. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२  को दफा नं २७ मा स्थानिय निकायले भत्ता वृत्ति वितरण प्रक्रियाको निरीक्षण, अनुगमन गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरी अनुगमन गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाबाट त्यस्तो अनगुमन तथा निरीक्षण गरेको जनाउने प्रमाण पेश हुन आएन । जसले गर्दा कार्यबिधिमा उल्लेख भएबमोजीम हुनुपर्ने पारदर्शिता कायम भयो भन्नसक्ने आधार देखिएन । | |
| ३२.६. | **सामाजिक सुरक्षा समन्वय समिति**: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाउँपालिका र नगरपालिकाले सामाजिक सुरक्षा भत्ता/वृत्ति प्राप्त गर्न योग्यभएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदनउपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिश गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | जिल्लाका गाउँपालिकाले स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नवीकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन । | |
| ३२.७. | **जेष्ठ नागरिक औषधि उपचार खर्चः**नेपाल सरकारले आ.ब.२०७१।७२ को बजेट बक्तब्य मार्फत लागू भएको राज्यका ७० वर्ष पुगेका सबै ज्येष्ठ नागरिकहरुलाई औषधि उपचार खर्चको रुपमा रकम उपलब्ध गराउने निर्णय गरेकोमा गाँउपालिकाले आ.व. २०७४।७५ मा औषधि उपचार बापतको रकम वितरण गर्दा उमेर पुगेका प्रत्येक गाँउपालिका तथा नगरपालिकाको सबै ज्येष्ठ नागरिकहरुको छुट्टै लगत खडा गरी राखेको पाइएन । यसले स्पष्ट लक्षित समूहको वर्गीकरण गरी ७० वर्ष उमेर समूहका सबै नागरिकलाई जेष्ठ नागरिकमा अद्यावधिक गरी लगत खडा गर्नुपर्ने देखिन्छ । | |
| ३२.८. | **बैक खाता :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरे अनुसार गाँउपालिकामा बैकिङ्ग सुबिधा नभएकोले वडा सचिवले नगद बितरण गर्ने गरेको छ । अन्य स्थानीय निकायले वडा जनप्रतिनिधिको रोहवरमा बितरण गर्ने गरेतापनि गाँउपालिकाले घरदैलामा नै भत्ता वितरण गर्दा नियन्त्रण तथा सन्तुलनको अवस्था नरहेबाट सामाजिक सुरक्षामा भएको वार्षिक खर्च आश्वस्त हुने आधार देखिएन । हाल गाँउपालिकामा बैङ्क समेत स्थापना भएको देखिएकोले नियमानुसार बैकिङ्ग प्रणाली मार्फत भत्ता वितरण गर्नुपर्दछ । | |
| ३२.९. | **भत्ता रकम बितरणः**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा १५ (क) अनुसार गाँउपालिका नगरपालिकाले प्रथम चौमासिकको असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र तथा तेश्रो चौमासिक जेठ १ गतेबाट दोश्रो हप्ताभित्र भुक्तानी गरी सक्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले चौमासिकरुपमा पेश्की उपलब्ध गराई सेबाग्राहीलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनुपर्नेमा पहिलो चौमासिक मंसीर ८ , दोश्रो चौमासिकको चैत्र १२ तथा तेश्रो चैामासिक असार २५ गते मात्र पेश्की दिई भरपाई सँलग्न गरी फछ्र्यौट गरेको छ । यसबाट कार्यबिधिको पालना भएको मान्न सकिएन । सामाजिक सुरक्षाको लागि सरकारले तयार गरको नियमाबलीको पालना गरी खर्च लेख्नुपर्दछ । | |
| ३३. | **<u>बित्तीय समानिकरण अनुदान (चालु )</u>** | |
| ३४. | **सेवा करार** - स्थानिय सरकार सँचालन ऐन, २०७४ को दफा ८३ (६) मा स्थानीय तहको सेवा सँचालनको लागि अस्थाई दरबन्दी सिर्जना गर्न सकिने छैन तथा तथा दफा ८३(८) मा अन्य सहायकस्तरका कर्मचारी नियुक्ति प्रतिस्पर्धाको आधारमा मात्र गर्न पाउने उल्लेछ छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्यसञ्चालन गर्न अत्यावश्यकपर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिनसक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा पन्ध्र दिनको सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रियाबमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले कार्यालय सहयोगी लगायत बिभिन्न तहका कर्मचारीहरु नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा गत बिगतकै निर्णय तथा व्यहोरा उल्लेख गरि नयाँ थप ६ समेतलाई करार सेवा गरी यस आ.ब.मा रु.१९,२५,०७४।– खर्च गरेको पाइएकोले खर्च नियमसम्मत् देखिएन । नियमाबली तथा निर्देशिकाको पालना हुनुपर्दछ । | |
| ३५. | **बितरणमुखी कार्यक्रमः**स्थानीय सरकार सँचालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था रहेका छ । गाँउपालिकाले उक्त सूची तथा ऐन बमोजिम क्रियाकलाप तथा कार्यक्रमहरु सँचालन गर्नुपर्दछ । स्थानीय सरकार सँचालन ऐनको मर्मअनुरुप गरिबी, पछौटेपन, बेरोजगारी लगायतका सामाजिक पछौटेपनहरुको निरुपणको लागि बिभिन्न अभिमुखीकरण तालिम ,सीप बिकास लगायतका कार्यक्रमहरु सँचालन गर्नुपर्ने हुन्छ । गाँउपालिकाले बिभिन्न सीपबिकास तथा अभिमुखीकरण तथा बृत्तिबिकासमा खर्च गर्नुपर्ने रकमहरु सो कार्यमा खर्च नगरी बितरणमुखी कृयाकलापहरुमा खर्च गरेको छ । आन्तरिक आय कमजोर रहेको अबस्थामा आर्थिक असमानता हटाई बित्तीय समानीकरण ल्याउनको लागि उपलब्ध रकम गाँउपालिकाले कार्यपालिकाको निर्णयअनुसार बिभिन्न | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>प्रयोजनको लागि रु. ३,६१,८००।– बितरण गरेको छ।</td><td></td></tr>
<tr><td>३६.</td><td>भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदनः भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ ।कार्यालयले यसवर्ष विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु....खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि  एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो, बा कार्यालयलाई भ्रमण आबश्यक थियो थिएन  भन्ने स्पष्ट आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र  भ्रमण खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>कानून निर्माणपूर्बको पदाधिकारी सुबिधा : प्रदेश सरकार ५ ले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधाको सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन, २०७५ जेष्ठ २८ गते प्रदेश ५ को राजपत्रमा प्रकाशित गरी"स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्बन्धी ऐन, २०७५" बनाएको छ । ऐन को दफा ३ मा पदाधिकारीले आफु निर्बाचित भई अनुसूची  २ बमोजिमको पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही सुरु गरेको मितिदेखि अनुसूची १ बमोजिमको रकममा नबढ्ने गरि स्थानीय तहको आन्तरिकश्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुबिधा पाउनेछन भन्ने व्यबस्था रहको छ । जसअनुसार संचार सुबिधा तथा मासिक सुबिधा जस्ता आर्थिक व्यय भारपर्ने दफाहरु राजपत्रमा ऐन प्रकाशित मिति भन्दा ११महिना पहिले देखिनै लागू हुने गरी बनाएको देखिन्छ । जसबाट ४४ जना जनप्रतिनिधिहरुलाई ऐन लागू हुनु भन्दा अधिको ११ महिना समेतको रु.६१,५०,०००।- गाँउपालिकाले उपलब्ध गराएको छ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>बैठक भत्ता : प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मिति २०७५/२/२८ मा प्रमाणीकरण भएकोमा सो ऐनको  दफा ३ ले स्थानीय तहका प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष, वडाध्यक्ष तथा सदस्य लगायतका पदाधिकारीले आफू निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेको र सोही ऐनको दफा ४ ले मासिक सुविधा पाउने पदाधिकारी तथा सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा स्थानीय तहको कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको दिनको बैठक भत्ता नपाउने व्यवस्था गरेको छ । यस गाउँपालिकाबाट मासिक सुविधा लिने सभाका सदस्य, कार्यपालिका सदस्य, वडा समितिका सदस्यलाई आ.व.२०७४/७५ मा प्रथम गाउंसभाको निर्णयले गाउँसभा, कार्यपालिका तथा वडा समिति बैठकको भत्ता भुक्तानी दिएको छ । उक्त खर्च नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>बैठक</th><th></th><th>बैठक मिति/दिन</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३/२०७४।४।३१</td><td rowspan="3">गाउँसभा</td><td>प्रथम</td><td>२०७४ श्रावण २९, ३०, ३१, ३२ दिन ४ उपस्थिति ४४ यातायात खर्च समेत</td><td>३,१४,४००।-</td></tr>
<tr><td>२६/२०७४।११।११</td><td>दोश्रो</td><td>२०७४ फाल्गुन ९, १०, १४ दिन ३ को उपस्थिति ४४ यातायात खर्च समेत</td><td>१,९८,०००।-</td></tr>
<tr><td>११७/२०७५।३।१५</td><td>तेश्रो</td><td></td><td>३,१४,४००।-</td></tr>
<tr><td>११/२०७४।५।१९</td><td rowspan="5">कार्यपालिका बैठक</td><td></td><td>२०७४ आषाढ २७, श्रावण ६, ११, १७, २५, २९, ३० दिन १६ जना ७ यातायात खर्च समेत</td><td>२,३०,०००।-</td></tr>
<tr><td>२२/२०७४।६।१</td><td></td><td>२०७४ भाद्र २६, २७ दिन २ उपस्थिति १६ जनाको यातायात खर्च समेत</td><td>७७,४००।-</td></tr>
<tr><td>४७/२०७४।१२।३०</td><td>१६-१९ औं</td><td>२०७४ फाल्गुन १४, १६, चैत्र १३, २० दिन ४ उपस्थिति १६ जनाको यातायात खर्चसमेत</td><td>१,०२,०००।-</td></tr>
<tr><td>६२/२०७४।७।३०</td><td>९-११ औं</td><td>२०७४ आश्विन ८, ३०, कार्तिक १७ दिन ३ उपस्थिति १६ जनाको यातायात खर्चसमेत</td><td>७६,५००।-</td></tr>
<tr><td>३०क/२०७४।११।२३</td><td></td><td></td><td>९६,०००।-</td></tr>
</table></td><td>३३,९३,२००।-</td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td></td><td>१२-१५ औं</td><td>२०७४ पुस १४, माघ १८, १९ फाल्गुन ८ दिन ४ उपस्थिति १६ जनाको यातायात खर्चसमेत</td><td>१,१५,२००।-</td></tr>
<tr><td>२८क/२०७४।११।२२</td><td>गाउँसभा तयारी बैठक</td><td>दोस्रो</td><td>६ जना सदस्य दैनिक १००० को दरले ४ दिनको</td><td>२४,०००।-</td></tr>
<tr><td></td><td>वडा बैठक</td><td></td><td>एक वडामा मासिक ३ बैठक बार्षिक ३६ बैठक बसी ५ सदस्य को २,७०,०००।- ८ वटा वडाको बार्षिक भत्ता</td><td>२१,६०,०००।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९.</td><td>ईन्धनको लगवुकः कुनै पनि कार्यालयले ईन्धन खर्च लेख्दा सबारी लगबुक तयार गरी राख्नुपर्दछ । गाँउपालिकाले यसबर्ष ईन्धनबापत रु.१४,२६,५५९/-खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगवुक तयार गर्ने गरेको छैन । गाँउपालिका सदस्य समेतलाई कुपन मार्फत खरिदको बिलमात्र सँलग्न गरी ईन्धन खर्च लेख्ने गरेको पाइयो । तसर्थ यसरी सबारी साधनबाइज लगबुक नराखिँदा ईन्धन खर्च व्यबस्थित नदेखिएकोले ईन्धन कोटा परिमाण तोकि व्यबस्थितरुपले खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.</td><td>आर्थिक सहायताः- स्थानिय सरकार सँचालन ऐन, २०७४ को दफा २४ मा गाँउपालिकाले पूंजीगत शीर्षकबाट योजना बनाएर मात्र खर्च गर्नुपर्ने र यसरी योजना बनाँउदा गरिबी निबारण, उत्पादनमूलक रोजगारी सृजना, पूर्बाधार सुधार जस्ता कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले पूंजीगत शीर्षकबाट निम्नानुसार बिभिन्न बिरामीलाई सहायता, महोत्सब संचालन सहयोग जस्ताबितरणमुखी कार्यक्रममा सीधै आर्थिक सहायता दिने गरेको देखियो । यसबाट पूंजीगत बजेट न्यून हुनुका साथै जे पर्दा पनि गाँउपालिकाले सहायता दिन्छ भनी माग गर्ने प्रचलन बढ्न जाने हुदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१.</td><td>कर्मचारी विशेष भत्ता - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचालन खर्च पाउने व्यवस्था छ । नेपाल सरकारले तोकिएको काम गरेबापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा गाउँपालिकाहरुको कार्यसम्पादन तथा मूल्यांकन मापदण्ड कार्यविधि, २०७४ तयार गरी यस वर्ष निम्नानुसार भत्ता भुक्तानी भएको छ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>भत्ता लिने कर्मचारी /संख्या</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>५४/२०७५।१।२८</td><td>४० जना कर्मचारीको</td><td>९,१४,४७७।६</td></tr>
<tr><td>७१/२०७४।८।११</td><td>३५ जना कर्मचारीको</td><td>७,२०,८४६।-</td></tr>
<tr><td>६९/२०७५।३।२४</td><td>४२ जना कर्मचारीको</td><td>१०,५३,४०८।-</td></tr>
<tr><td>७४/२०७५।३।३२</td><td>३ जना कर्मचारीको</td><td>३३,६८८।-</td></tr>
<tr><td>६८/२०७५।३।२१</td><td>सामाजिक परिचालकलाई</td><td>२१,०००।-</td></tr>
</table>
गाउंसभाको निर्णयले कार्यविधि र मूल्यांकनको आधारमा प्रोत्साहन भत्ता भुक्तानी भएको कार्यालयको भनाई रहेको छ ।</td><td></td></tr>
<tr><td>४२.</td><td>कर्मचारी भत्ताः नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारीले मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानबाट कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । कार्यालयले अनुदान एवं आन्तरिक स्रोतबाट निम्नानुसार अतिरिक्त भत्ता वापत खर्च लेखेको छ। नेपाल सरकारले तोकिएको काम गरेबापत तलव भत्ता सुविधा उपलब्ध गराएको छ । गाउँसभाले बैठक भत्ताको दर र बजेट स्वीकृत गरी यस वर्ष निम्नानुसार भत्ता भुक्तानी भएको छ। स्थानीय तहले आन्तरिक श्रोतबाट सुविधा थप गर्न सक्ने भएपनि यस्ता भत्ता तथा सुविधाको सम्बन्धमा निर्णय गर्ने स्पष्ट आधार एवं कार्यविधि स्वीकृत नभएको र अनुदान रकमबाट यस्तो कार्यमा खर्च लेखेको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>बैठक</th><th>कर्मचारी संख्या</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२२/२०७४।६।१</td><td>प्रथम गाउँसभा</td><td>२९ जना ४ दिनसम्म</td><td>९९,२००।-</td></tr>
<tr><td>३२/२०७४।११।२८</td><td>दोस्रो गाउँसभा</td><td>२८ जना ३ दिनसम्म</td><td>७२,०००।-</td></tr>
<tr><td>२८क/२०७४।११।२२</td><td>गाउँसभा तयारी भत्ता</td><td>५ जना ४ दिनसम्म</td><td>१८,०००।-</td></tr>
<tr><td>५४/२०७५।१।२८</td><td>दोस्रो गाउँसभा तैयारी</td><td>३६ जना ३ देखि १५ दिनसम्म</td><td>१,१४,८४२।-</td></tr>
<tr><td>६९/२०७५।३।२४</td><td>तेस्रो गाउँसभा तैयारी</td><td>४२ जना ७ देखि १५ दिनसम्म</td><td>२,३३,८९३।-</td></tr>
<tr><td></td><td></td><td>जम्माः</td><td>५,३७,९३५।-</td></tr>
</table>
</td><td>५,३७,९३५।-</td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>गाउंसभा तयारी, बजेट तयारी, योजना तयारी, वडा भेलाको लागि बिहानदेखि बेलुकासम्म सार्वजनिक बिदामा समेत खटिएका कर्मचारीलाई भुक्तानी गरिएको कार्यालयको भनाई रहेको छ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>पेश्की बाँकी:- आर्थिक बर्षको अन्त्यमा निम्नानुसार पेश्की बाँकी रहेको देखिएकोले सार्वजनीक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रकम रु....
<table>
<tr><th>l;=g+</th><th>vr{ zLif{s</th><th>k]ZsL lng]sf] gfd</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>गा.पा.भवन निर्माण</td><td>ब्राइट/श्रीखण्डपुर निर्माण जे.भी.</td><td>३१,१३,०००/-</td></tr>
<tr><td>२.</td><td>वडा भवन निर्माण</td><td>श्री खण्ड निर्माण सेवा</td><td>१२,८६,०००/-</td></tr>
<tr><td>३.</td><td>बृक्षा रोपण कार्यक्रम</td><td>खा.पा.स.टे.श्री हरि प्रसाद घिमिरे</td><td>१,००,०००/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४४,९८,०००/-</td></tr>
</table></td><td>४४,९८,०००/-</td></tr>
<tr><td>४४.</td><td>राजस्व व्यवस्थापन<br>लेखा स्रेस्ता : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा आन्तरिक आम्दानी तथा दाखिलाको लेखा तोकिएको ढाँचामा राखेको छैन ।</td><td></td></tr>
<tr><td>४५.</td><td>नगद आम्दानी तथा दाखिला: आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा आफ्ना जिम्मामा आएको नगद भोलिपल्ट नै दाखिला गर्नुपर्ने, समयमा दाखिला नगरी ढिलो गरेमा १० दिनसम्म ढिलो भएमा १० प्रतिशत, १५ दिनसम्म ढिलो भएमा १५ प्रतिशत र १५ दिनभन्दा ढिलो दाखिला भएमा २५ प्रतिशतसम्म जरिवाना असुल गरी प्रचलित कानून अनुसार बिभागीय कारवाही गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाका अन्तर्गतका ९ वटा वडा कार्यालयले नगदी रसिद र मालपोत रसिदबाट रु.६३ लाख ४६ हजार नगद असुल गरेको छ । उक्त नगद सम्बन्धित सचिवहरुले समयमा बैंक दाखिला गरेका छैनन् । समयमा नबुझाउने कर्मचारीलाई कानून बमोजिम जरिवाना सहित लिई बिभागीय कारवाही समेत गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६.</td><td>आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यस्को भोलिपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले असुल भएको आन्तरिक आय सो प्रावधान अनुसार दाखिला नगरी धेरै ढिलो दाखिला गरेको पाइयो । आ.व.को अन्तमा बांकी रहेको रु.९९,३२५। सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th rowspan="2">वडा नं.</th><th colspan="2">असुली रकम</th><th colspan="2">बैंक दाखिला</th><th rowspan="2">दाखिला बाँकी रकम</th></tr>
<tr><th>अवधि</th><th>रकम</th><th>मिति</th><th>रकम</th></tr>
<tr><td rowspan="7">४</td><td>२०७४ श्रावण</td><td>८७,२६४।-</td><td></td><td></td><td></td></tr>
<tr><td>२०७४ भाद्र</td><td>१,७१,४६४।-</td><td></td><td></td><td></td></tr>
<tr><td>२०७४ आश्विन</td><td>३४,९४६।-</td><td></td><td></td><td></td></tr>
<tr><td>२०७४ कार्तिक</td><td>३३,४७३।-</td><td></td><td></td><td></td></tr>
<tr><td>२०७४ मंसीर</td><td>२९,२०१।-</td><td></td><td></td><td></td></tr>
<tr><td>२०७४ पौस</td><td>३२,३६६।-</td><td>२०७४।०९।२०</td><td>३,८२,९७९।-</td><td></td></tr>
<tr><td>२०७४ माघ</td><td>४९,८२०।-</td><td>२०७५।०२।३१</td><td>५९,०२५।-</td><td>७४,९८९।-</td></tr>
<tr><td>६</td><td>आम्दानी</td><td>१३,७९,२०७०८</td><td></td><td>१३,३८,०४५।-</td><td>२३,४५०।-</td></tr>
<tr><td rowspan="3">१</td><td>२०७४ आश्विन</td><td>५८,७९३।-</td><td></td><td></td><td></td></tr>
<tr><td>२०७४ कार्तिक</td><td>४७,३९७।-</td><td>२०७४।०८।०७</td><td>३७,३३३।-</td><td></td></tr>
<tr><td>वार्षिक</td><td>११,९१,२१३।-</td><td></td><td>९,११,२७८।-</td><td></td></tr>
<tr><td rowspan="2">८</td><td>२०७४ श्रावण</td><td>७२,०९७८८</td><td></td><td></td><td></td></tr>
<tr><td>२०७४ भाद्र</td><td>२,२४,५३१।-</td><td>२०७४ भाद्र</td><td>५०,०००।-</td><td></td></tr>
<tr><td>३</td><td>वार्षिक</td><td>६,३०,८९३।-</td><td></td><td>३,९०,३२४।-</td><td></td></tr>
<tr><td>५</td><td>वार्षिक</td><td>१२,३६,९०१।-</td><td></td><td>दाखिलाप्रमाणनभएको</td><td></td></tr>
<tr><td>७</td><td>२०७४ श्रावण</td><td>१,५५,२५८।-</td><td>२०७४ श्रावण</td><td>५०,०००।-</td><td></td></tr>
<tr><td></td><td>२०७४ कार्तिक-मंसीर</td><td>१,०२,७८१।-</td><td>२०७४ मंसीर</td><td>५०,०००।-</td><td></td></tr>
<tr><td></td><td>२०७४ पौष-फाल्गुन</td><td>१,९४,९४४।-</td><td>२०७४ फागुन</td><td>२,००,०००।-</td><td>८८६।-</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>९९,३२५।-</td></tr>
</table></td><td>९९,३२५/-</td></tr>
<tr><td>४७.</td><td>जिन्सी व्यबस्थापन- आर्थिक कार्यबिधि नियमाबली,२०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएका जिन्सी सामानहरु आम्दानी बांधिए नबांधिएको, प्रयोगको अवस्था गतवर्षको उयपोग र यस वर्षको परिमाण समेत मूल्याङ्कन गरी प्रतिबेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा उल्लेखित व्यहोरा</td><td></td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>कार्यान्वयन गर्नुपर्ने व्यबस्था छ । खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारामले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने नगरेको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएको छ । गाँउपालिका कार्यालय स्थापनाको शुरुवात चरणमा रहेकोले शुरुदेखि नै जिन्सी व्यवस्थित गर्नेतर्फ ध्यान पु¥याई नियमाबलीको पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८.</td><td>आन्तरिक लेखापरीक्षण व्यहोरा : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(७) मा आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुको प्रमाण जुटाई अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरी सक्नुपर्ने व्यवस्था रहेकोमा गाँउपालिकाले यस वर्ष आन्तरिक लेखापरीक्षणबाट औंल्याएको निम्न अनुसारका व्यहोरा उल्लेख गरेकामा सुधार गरेको नपाइएकोले वित्तीय अनुशासन कमजोर देखियो । लेखापरीक्षणका व्यहोराहरु समयमा कार्यान्वयन गर्नुपर्दछ ।
<ul>
<li>तोकिएको सीमाभन्दा बढी रकमको खरिदमा समेत मूल्य अभिबृद्धि करमा दर्तावालासंग कारोबार नगरेको ।</li>
<li>खरिद गर्दा प्रतिस्पर्धात्मक वातावरण तयार नगरेको, कोटेशन बिना सीधै खरिद गरेको ।</li>
<li>गाँउपालिकाबाट वितरण गरिएको सामानहरुमा निःशुल्क वितरित प्रमाण उल्लेख नगरेको ।</li>
<li>वडामा गरिने कार्यलय सम्बन्धी खर्चलाई मितव्ययी गर्न प्रतिश्पर्धामार्फत एकमुष्ठ खरिद गर्ने व्यवस्था हुनुपर्ने ।</li>
<li>उपभोक्ता समितिलाई उपलव्ध गराइने प्रशासनिक खर्चको औचित्य नभएकोले लागतमा समाबेश गर्न नहुने ।</li>
<li>अनुगमन तथा मूल्याङ्कन खर्च अनुसार प्रभावकारिता पुष्टि नभएकोले अनुगमनको प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नुपर्ने ।</li>
<li>गाँउपालिकाको आन्तरिक आमदानी अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने ।</li>
<li>उपभोक्ताको लागत सहभागिता नभएकोले लागत सहभागिता बृद्धि गर्नुपर्ने ।</li>
</ul></td><td></td></tr>
<tr><td>४९.</td><td>वित्तीय जवाफदेहिता मूल्याङ्कनः कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापनपक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा वित्तीय जवाफदेहिताको स्तरले "C"ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५०.</td><td>बेरुजू - गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.११ लाख ५५ हजार, अनियमित बेरुजू रु.३६ लाख ५७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.७लाख ३८ हजार र पेश्की बाँकी देखिएको रु.४४ लाख ९८ हजार समेत रु.१ करोड४८ हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएबाट अन्तिम बेरुजू कायम भएको छ।</td><td></td></tr>
<tr><td>५१.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षको बेरुजू रकम (रु.हजार) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (रु.हजार) (C= A-B)</th></tr>
<tr><td>३०२७</td><td>-</td><td>३०२७</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२.</td><td>अद्यावधिक बेरुजू स्थिति : मायादेवीगाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु. हजार) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजू (रु.हजार)(D)</th><th>यो वर्षको कायम बेरुजू (रु.हजार((E)</th><th>बाँकी (रु.हजार) (F=C+D+E)</th></tr>
<tr><td>३०२७</td><td>0</td><td>१००४८</td><td>१३०७५</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची १

# मायादेवी गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | रुपन्देही | मायादेवी गाउंपालिका | ७० | १७ | १००४८ | ० | ० | ० | ७० | १७ | १००४८ | ११५५ | ३६५७ | ७३८ | ० | ० | ४३९५ | १०० | ४३९८ | ४४९८ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | मायादेवी गाउंपालिका | रुपन्देही | २९७२७ | २३२४७३ | ८६८३६ | ७९१०१ | ३९५४१० | १७१३२९ | १७८१२२ | २७६९ | ३५२२२० | ७५९१७ |